# इन्टरनेट र यसको सुरक्षित प्रयोग

## शिक्षक, अभिभावक र प्रयोगकर्ताहरूका लागि हाते पुस्तिका

उज्ज्वल आचार्य
सन्तोष सिग्देल



FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

# इन्टरनेट र यसको सुरक्षित प्रयोग

## शिक्षक, अभिभावक र प्रयोगकर्ताहरूका लागि हाते पुस्तिका

**उज्ज्वल आचार्य**
**सन्तोष सिग्देल**

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

**लेखनः**
उज्ज्वल आचार्य
सन्तोष सिग्देल

**सम्पादनः**
हरिविनोद अधिकारी
तारानाथ दाहाल

**संयोजनः**
नारायण घिमिरे

प्रकाशन प्रतिः १५००
जनवरी, २०१८

यस पुस्तकको सर्वाधिकार फ्रिडम फोरममा निहित छ ।

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्सः २४२९२
फोनः ४१०२०३०/४१०२०२२
इमेलः info@freedomforum.org.np
www.freedomforum.org.np

साजसज्जा तथा मुद्रणः स्पन्दन डिजाइन कम्युनिकेशन, फोनः ५५३५८८४

# भूमिका

सहज जीवन यापनका लागि नयाँ-नयाँ वैज्ञानिक आविष्कार हुँदै आएका छन् । विज्ञानले प्रविधिको क्षेत्रमा पनि चमत्कारिक विकास गर्दै आएको छ । सूचना संसारमा इन्टरनेटको प्राविधिक खोजी र त्यसको व्यापक प्रयोगले जीवनलाई सहज, सरल र समय सापेक्ष बनाएको छ ।

सूचना, ज्ञान र नयाँ नयाँ खोजीका लागि इन्टरनेट जत्ति वरदान साबित भएको छ, त्यत्ति नै त्यसले पुऱ्याउन सक्ने हानिका बारेमा पनि सचेत हुनु आवश्यक छ । आजको शिक्षा र सूचनाको सम्बन्ध रगत र मासुको जस्तै छ । शिक्षा विना सूचना अधूरो हुन्छ भने सूचना विना शिक्षा सुगन्ध विनाको फूल हुनजान्छ ।

अहिले इन्टरनेट सेवा प्राप्त गर्नु मानव अधिकारको रुपमा स्वीकार गरिएको छ  भने अभिव्यक्ति स्वतन्त्रतालाई इन्टरनेटको प्रयोगसँग जोडेर हेरिएको छ । त्यसैले मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेटको समान, सहज र  निर्बाध तर सुरक्षित प्रयोग हुन सकोस् भन्ने हाम्रो चासोको विषय बनेको हो ।

सूचनामा सर्वव्यापक र तत्कालै पहुँच गराउने प्रविधिको रुपमा विकसित भएको इन्टरनेट सेवाका केही त्यस्ता परिणामहरू पनि अनुभूत गर्न थालिएको छ जस्का कारणले गर्दा सुरक्षित इन्टरनेटको अवधारणा पनि विकसित भएको छ । अभिव्यक्ति स्वतन्त्रतालाई अकुण्ठितरुपमा प्रयोग गर्नका लागि र सूचनामा हानिरहित निर्बाध पहुँचका लागि सुरक्षित इन्टरनेटका बारेमा नीति निर्माता र प्रयोगकर्ता दुवै क्षेत्रले गम्भिर चिन्तन गर्न र व्यवहारमा सुधार ल्याउन आवश्यक छ । त्यसैले इनटरनेटले प्रदान गरेको सूचनाका अनेक प्लेटफर्महरूबाट समाज र व्यक्तिले अत्याधिक लाभ उठाउन सकोस र त्यसबाट हुनसक्ने जोखिमबारे सचेत एवम् सतर्क हुन सकोस भन्ने उद्देश्यले फ्रिडम फोरमले अभिव्यक्ति स्वतन्त्रता र सूचना प्रविधिको अन्तरसम्बन्ध बुझाउन र यसको प्रयोगमा आउनसक्ने हानिकारक पक्षप्रति जागरण बढाउन यो पुस्तक तयार गरेको हो ।

यस सिलसिलामा हामीले विभिन्न सरोकारवालाहरूसँग छलफल गऱ्यौं । खासगरी किशोर-किशोरी विद्यार्थी समुह, उनीहरूका शिक्षक र अभिभावक तथा शिक्षा क्षेत्रका नीति तर्जुमा गर्ने प्रशासक र अधिकारीहरूका कुरा सुन्यौं । अभिव्यक्तिको स्वतन्त्रता, इन्टरनेट स्वतन्त्रता, डिजिटल सुरक्षा जस्ता पक्षबारे उहाँहरूलाई अवगत गरायौं । यस सम्बन्धी ज्ञान र सूचना विद्यालयको औपचारिक शिक्षा पद्धतीबाटै सम्बोधन हुनु जरुरी देखियो । यसक्रममा हामीले नेपालका विभिन्न तहका विद्यालयमा प्रयुक्त पाठ्यक्रम र तिनका आधारमा लेखिएका पाठ्यपुस्तकहरूको समीक्षा पनि गऱ्यौं तर सुरक्षित इन्टरनेटका बारेमा खासै जानकारीमूलक सामग्री देखेनौं ।

यसबाट हामी के निष्कर्षमा पुग्यौं भने-नेपालमा इन्टरनेटको सुरक्षित प्रयोग र इन्टरनेट स्वतन्त्रताको रक्षाका विषयमा उपयुक्त ज्ञान र जानकारीमूलक सामाग्री समेटिएको स्रोत पुस्तिकाको अभाव रहेछ, जसको लागि यो पुस्तक लेखिएको हो ।

यसैगरी हामीले विद्यालयको पाठ्क्रम र पाठ्यपुस्तक तथा शिक्षक प्रशिक्षणमा समेत उपयोगी होस् भनेर यो किताब तयार गरेका हौँ । यसबाट नेपालका सबै तहका सरकार र सरोकारवालाको यस्तो नविन तर जोखिमले भरिएको संवेदनशील एवमं पन्छाउनै नसकिने विषयमा ध्यान पनि आकर्षित हुनेछ  र नेपालमा इन्टरनेटको स्वतन्त्रतालाई व्यवहारमा प्रत्याभूत गर्दै यसको सुरक्षित प्रयोग गर्न सबै सरोकारवालाई सहयोग पनि पुग्नेछ भन्ने विश्वास राखेका छौं ।

यो इन्टरनेटको  स्वतन्त्रता र यसको सुरक्षित प्रयोग सम्बन्धमा उपयोगी स्रोत सामग्री तथा सन्दर्भहरूलाई प्रस्तुत गरेर लेखिएको सुरुवाती प्रयास हो । यसमा उल्लेख गरिएका जानकारीले दृष्टिकोणलाई स्पष्ट पार्न र सुझाएका सुरक्षाका प्रवन्धहरूलाई प्रयोग गर्दा समाजले भोगिरहेको अनेक तनाव घटाउन तथा इन्टरनेटको सुरक्षित प्रयोगको पक्षमा उपयोगी ज्ञान, सीप र जानकारी भएको शिक्षा पद्धती प्रारम्भ गर्ने दिशामा नयाँ आयाम थपिएला भन्ने आशा हामीले लिएका छौँ । साथै सरोकारवालाहरूको पृष्ठपोषणका लागि र पृष्ठपोषणबाट प्राप्त परिणामलाई हामी जहिले पनि सहर्ष स्वागत नै गर्नेछौँ ।

यो पुस्तक तयार गर्न फ्रिडम फोरमका अध्यक्ष एवम् शिक्षाविद् हरिविनोद अधिकारी तथा वरिष्ठ पत्रकार हस्त गुरुङ्गको सहयोग तथा यस पहलको संयोजन गर्ने सहकर्मी नारायण घिमिरेले गर्नुभएको मेहनत प्रशंसनीय छ । पुस्तकको लेखनमा अधिवक्ता सन्तोष सिग्देल तथा पत्रकार उज्ज्वल आचार्यले गर्नुभएको कार्यका लागि विशेष आभार प्रकट गर्दछु। साथै यो प्रकाशनलाई संभव बनाउन IFEX (अभिव्यक्ति स्तन्त्रता सम्बन्धि अन्तर्राष्ट्रिय सञ्जाल) को आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । यसका लागि विशेष धन्यवाद छ ।

**तारानाथ दाहाल**
प्रमुख कार्यकारी
फ्रिडम फोरम

# विषयक्रम


भूमिका ग

**परिच्छेद १ः इन्टरनेट** **१**

१. इन्टरनेट के हो ? १

२. इन्टरनेटको विकासक्रम २

३. इन्टरनेटले कसरी काम गर्छ ? ३

४. इन्टरनेटका अन्य आयामहरू ४

५. इन्टरनेट कसले नियन्त्रण गर्छ ? ५

६. इन्टरनेट स्वतन्त्रता ६

७. अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेट ७

८. इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रताको नियमन ७

९. इन्टरनेट तटस्थता (नेट न्युट्रालिटी) ८

**परिच्छेद २ः इन्टरनेटमा पहुँच** **९**

१. इन्टरनेटको पहुँच र डिजिटल डिभाईड ९

२. इन्टरनेट र मानव अधिकार १०

३. इन्टरनेटको प्रयोग ११

४. सोसल मिडिया १३

**परिच्छेद ३ः इन्टरनेट दुरुपयोग र अपराध** **१५**

१. इन्टरनेट दुरुपयोग १५

२. साइबर अपराध १७

**परिच्छेद ४ः इन्टरनेट र कानुन** **२०**

१. अन्तर्राष्ट्रिय कानुन र नीति २०

२. राष्ट्रिय कानुन तथा नीति २१

**परिच्छेद ५: इन्टरनेटको सुरक्षित प्रयोग** **२८**
१. सुरक्षित इन्टरनेट २८
२. डिजिटल सुरक्षा २८
३. इन्टरनेटको जोखिमबाट सुरक्षा ३१
४. अभिभावक र शिक्षकको भूमिका ३२

**परिच्छेद ६: इन्टरनेट र विद्यालय शिक्षा** **३४**
१. पाठ्यक्रममा इन्टरनेट शिक्षा ३४
२. पाठ्यक्रम परिमार्जनका लागि सुझावहरू ३५

**परिशिष्ट १: शब्दावली** **३६**
**परिशिष्ट २: इन्टरनेट सम्बन्धी महत्वपूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय दस्तावेज** **३९**
**परिशिष्ट ३: डिजिटल सुरक्षा उपाय र सामग्रीहरू** **४०**
**परिशिष्ट ४: डिजिटल डिटक्स (नमूना तालिका)** **४२**
**परिशिष्ट ५: स्रोत सामग्रीहरूका वेबसाइटहरू** **४३**
**परिशिष्ट ६: इन्टरनेट स्वतन्त्रताको घोषणापत्र** **४४**
**परिशिष्ट ७: सन्दर्भ सामग्रीहरू** **४५**

परिच्छेद
१

# इन्टरनेट

**इन्टरनेट भोलिको विश्वग्रामको चौतारी बनिरहेको छ ।**
-विल गेट्स (संस्थापक, माइक्रोसफ्ट)

## १. इन्टरनेट के हो ?

इन्टरनेट कम्प्युटरको माध्यमद्वारा प्रवाह हुने सञ्चारको विश्वव्यापी सञ्जाल हो ।

इन्टरनेट कम्प्युटर र विद्युतीय उपकरणवीच हुने सञ्चार सञ्जाल हो । यसमा विश्वका विभिन्न स्थानमा रहेका सानादेखि ठूला, निजीदेखि सार्वजनिक वा सरकारी, व्यापारिकदेखि शैक्षिक संस्थानका कम्प्युटरहरू विद्युतीय उपकरणका माध्यमद्वारा ताररहित वा तारसहितका प्रविधिले एक आपसमा सूचना आदानप्रदान गर्न वा सञ्चार प्रवाह गर्न सकिने गरी जोडिएका हुन्छन् ।





इन्टरनेटमा अनगिन्ति सूचना स्रोत तथा सञ्चार एवं अन्य प्रकारका सेवाहरू उपलब्ध छन् । जसले यसको उपयोगिता बढाएको छ । सूचना आदान प्रदान गर्नलाई सजिलो बनाएको छ । तर प्राविधिक रुपमा यो जटिल प्रविधिले बनेको हुन्छ ।

इन्टरनेट प्रयोगकर्ताले विश्वका जुनसुकै कुनामा रहेका अर्को प्रयोगकर्तासँग मोबाइल फोन वा कम्प्युटरबाट सूचना आदान प्रदान गर्न सक्तछ । यसमा विश्वभर सञ्चार सम्बन्ध स्थापित गर्न सकिने गरि धेरै किसिमका सुविधा उपलब्ध छ । संकेत (वा अक्षर), चित्र, आवाज आदि सहजै आदान प्रदान गर्न सकिने प्रविधियुक्त भएकोले विश्वभर यसको प्रयोग बढ्दै गएको छ ।

इन्टरनेटको विकास सञ्चार सञ्जालका रुपमा गरिएको भएतापनि यसको बढ्दो प्रयोग र संभावनाका कारण यो प्रविधिक क्षेत्रमा मात्रै सीमित छैन । यो प्रविधि आज प्रजातान्त्रिक समाज निर्माणको काममा महत्वपुर्ण साधन बन्न पुगेको छ । समग्रमा, इन्टरनेटले हाम्रो काम, सामाजिक उपस्थिति र व्यवहार, सूचना आदान प्रदान एवं मानिस, विचार र वस्तुहरूको व्यवस्थापन गर्ने तरिकामा व्यापक परिवर्तन ल्याई दिएको छ ।

# २. इन्टरनेटको विकासक्रम

साँख्यीकीय गणना पद्धतीलाई छिटो र सजिलो बनाउन गरिएको मेकानिकल प्रयोगबाट कम्प्युटरको विकास क्रम सुरु भएको हो । कम्प्युटरको प्रारम्भिक प्रारुपहरू क्याल्कुलेटरको प्रविधिसँग सम्बन्धित छन् । कम्प्युटरको कार्यविधिलाई ध्यानमा राखेर, सन् १८२० र ३० को दशकमा चार्ल्स बाबेजले दुईवटा मेसिनको रुपरेखा कोरेका थिए । त्यसैको विकसित रुप आजको कम्प्युटर हो । त्यसैले धेरैले चार्ल्स बाबेजलाई 'कम्प्युटरका पिता' मान्ने गरेका छन् । यद्यपि कम्प्युटर भनेर पहिलो पटक नामकरण भएका मेसिनहरू सन् १९३० को अन्त्यतिर मात्रै निर्माण भएका थिए ।



प्रारम्भिक समयका कम्प्युटरहरू कठिन गणितीय कार्य गर्ने वा तथ्याङ्क प्रशोधन गर्ने उपकरणका रुपमा प्रयोग हुन्थे । त्यस्ता कम्प्युटरहरू घरका कोठाहरू जत्रै ठूला हुन्थे, जसमा महँगा मेसिनहरू जडान गरिएका हुन्थे । प्रविधिको विकास र सुधार हुँदै जाने क्रमका यो सानो, छरितो, सजिलो र वहुउपयोगी हुँदै गयो ।

सन् १९६९देखि इन्टरनेट प्रविधिको विकास सुरु भएको हो । अमेरिकाको सुरक्षा मन्त्रालयको सहयोगमा विकसित गरिएको अर्पानेट (ARPANET) प्रविधि मार्फत क्यालिफोर्निया विश्वविद्यालयबाट स्टानफोर्ड रिसर्च इन्स्टिट्युटमा सफलता पुर्वक प्रवाह गरिएको पहिलो सन्देश नै अहिलेको इन्टरनेटको प्रारम्भिक स्वरुप हो । यस प्रविधिलाई पहिले इन्टरनेसनल नेटवर्क भनिएको थियो । सन् १९७४ मा पहिलो पटक 'इन्टरनेट' शब्दको प्रयोग भयो । 'इन्टरनेट' भनेको इन्टरनेसनल नेटवर्कको संक्षिप्त रुप हो । सन् १९९० को सुरुवाती बर्षहरूसम्म इन्टरनेट प्रविधि वैज्ञानिक अनुसन्धान र प्राज्ञिक क्षेत्रमा मात्र सीमित थियो ।

सन् १९७५ मा एक व्यक्तिले चलाउन मिल्ने पहिलो सानो आकारको व्यक्तिगत कम्प्युटर (पर्सनल कम्प्युटर) विकास भएको थियो । सन् १९८० को दशकमा टिम बर्नस लीले वर्ल्ड वाइड वेब (वा डब्ल्युडब्ल्युडब्ल्यु)को विकास गरेपछि, व्यक्तिगत कम्प्युटरको सहायताबाट इन्टरनेट प्रविधि आम मानिसको पहुँचसम्म आईपुग्यो । सन् १९९५ सम्ममा इन्टरनेट प्रविधि विश्वभर प्रयोगमा आइसकेको थियो ।

सन् १९९३ मा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (तत्कालीन रोनास्ट, हाल नास्ट)ले काठमाडौंको निजी व्यापारिक संस्था मर्कन्टायलसँग सहकार्य गरेर नेपालका वैज्ञानिक समुदायलाई इमेल सेवा

उपलब्ध गराएको थियो । त्यसको एकवर्षपछि मर्कन्टायलले व्यावसायिक इमेल सेवा प्रदान गर्न सुरु गऱ्यो । सन् १९९७ सम्म आइपुग्दा नेपालमा व्यावसायिक इन्टरनेट सेवा सुरु भइसकेको थियो ।

## ३. इन्टरनेटले कसरी काम गर्छ ?

इन्टरनेटमा करोडौ कम्प्युटर र विद्युतीय उपकरणहरू जहाँबाट पनि जोडिन सक्ने भएकोले यसका प्रत्येक सेवा वा जोडिएका उपकरणहरूको एउटा निश्चित नम्बर हुन्छ जसलाई आइपी एड्रेस भनिन्छ । इन्टरनेटमा चौबिसै घण्टा जोडिने उपकरण वा वेबसाइटहरूको आइपी एड्रेस स्थायी हुन्छन् । तिनमा हाम्रा कम्प्युटर या मोबाइल जोडिँदा तिनले एउटा अस्थायी आइपी एड्रेस प्राप्त गर्छन ।

हामीले इन्टरनेटमा फ्रिडम फोरमको वेबसाइट चलायौं भने त्यसले कसरी काम गर्छ त ? तलका सिलसिलेबार चरणबाट त्यो प्रविधि बुझ्न सकिन्छ ।

- फ्रिडम फोरम जस्ता संस्थाले व्यावसायिक वा गैरव्यावसायिक प्रयोजनका लागि पहिले आफूले प्रदान गर्न चाहने सूचना वा सेवाका लागि वेबसाइट दर्ता लिएका हुन्छन् । फ्रिडम फोरमले दर्ता गरेको वेबसाइट www.freedomforum.org.np हो, जसलाई डोमेन नेम भनिन्छ । दर्ता भएपछि यसका सामग्रीहरू सर्भर भनिने कम्प्युटरमा राख्नुपर्छ । कुनैपनि डोमेन नेमको सर्भर कता छ भनेर जानकारी राख्ने टेलिफोन डाइरेक्टरी जस्ता नेमसर्भर भनिने कम्प्युटरहरू प्राय इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले राखेका हुन्छन् ।
- हामीले मोबाइलको ब्राउजरमा जब डोमेन नेम राख्छौ, तब त्यहाँको सामग्री चाहियो भन्ने निर्देशन हाम्रो घरको मोडेमबाट हाम्रो इन्टरनेट सेवा प्रदायक कम्पनी मार्फत नेमसर्भरमा पुग्छ । जहाँबाट त्यो सामग्री भएको सर्भरको ठेगाना प्राप्त हुन्छ र विभिन्न सञ्जालहरूमार्फत संसारको जुनसुकै कुनामा भएपनि त्यो सर्भरमा हाम्रो निर्देशन पुग्छ ।
- सामग्रीको माग निर्देशन प्राप्त भएपछि सर्भरले ससाना प्याकेट बनाएर हामीले मागेको सामग्री हाम्रो आइपी एड्रेसमा पठाउँछ र त्यो प्याकेटहरूलाई सङ्कलन गरेर हाम्रो ब्राउजरले हामीलाई देखाउँछ । हामीले इन्टरनेट चलाइरहँदा यी चरणहरू धेरै पटक दोहरिइरहेका हुन्छन् ।

हामीले इन्टरनेट चलाउन कुनै इन्टरनेट सेवा प्रदायक कम्पनीसँग इन्टरनेट चलाउन सेवा किनेका हुन्छौ । सो कम्पनीले हामीलाई स्याटलाइट वा तारमार्फत विश्व इन्टरनेटसँग जोडिदिन्छ । मोबाइलबाट चलाउदा भने सम्बन्धित टेलिफोन कम्पनीहरू नै इन्टरनेट सेवा प्रदायक हुन्छन् ।

# ४. इन्टरनेटका अन्य आयामहरू

इन्टरनेटको प्राविधिक पक्ष बुझेर मात्र यसको समग्र आयामलाई बुझ्न सकिँदैन । इन्टरनेटबाट हामीले सूचना मात्रै आदान प्रदान गर्दैनौ । यसका राजनीतिक, सामाजिक तथा अनेकन जीवनोपयोगी आयामहरू पनि छन् । यसको सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका सकारात्मक र नकारात्मक दुबै आयामहरू हुनाले अहिले इन्टरनेट हाम्रो जीवनको अभिन्न अङ्ग बन्न पुगेको छ ।

इन्टरनेटले व्यक्तिमा सामाजिक परिवर्तन ल्याई दिन्छ । इन्टरनेट चलाउन पाउने र नपाउने वा जान्ने र नजान्नेकोवीचमा असमता ल्याएर हुनेखाने र नहुनेका वीचको अन्तर झन फराकिलो बनाउनेदेखि लिएर व्यक्तिहरूलाई नयाँ समुदायहरूमा सक्रिय पार्न समेत इन्टरनेटको भूमिका देखिन्छ । नेपाल बाहिर बसेपनि नेपालसँग सदैव सम्पर्कमा रहन सक्नु , यहाँका घटनाक्रमहरू थाहा पाइरहनु र यहाँ सामाजिक वा राजनीतिक कार्यमा विचारका माध्यमले संलग्न भइरहन सकिनु जस्ता सुविधा इन्टरनेटले दिन्छ । त्यस्तै इन्टरनेटमार्फत बन्ने साथीहरू र समुदायसँगको सम्बन्ध र संलग्नताको सामाजिक आयामहरू पनि छन् ।



इन्टरनेटले राजनीतिक क्षेत्रमा पनि नयाँ आयामहरू थपेको छ । नेताहरूको नागरिकहरूसँगको सिधा र सरल सम्पर्क, नागरिकहरूको राजनीतिक अभ्यासमा सहभागिता र राजनीतिक समूहहरूको गठनको सरलताले गर्दा इन्टरनेटले निर्वाचन परिणाममा दखल राख्ने देखि ठूला राजनीतिक परिवर्तनहरू समेत सम्भव बनाएको छ । इन्टरनेटमा एक आम नागरिकको पहुँच स्थापित हुनाले उसको विचार व्यक्त गर्ने थलोको रुपमा इन्टरनेट देखिएको छ भने विचार प्रवाह वा सूचना प्राप्तिका लागि पत्रपत्रिका, रेडियो वा टेलिभिजन जस्ता आम संचार माध्यममा भर पर्नुपर्ने बाध्यता समेत छैन ।

आर्थिक रुपमा बैंकिङ लगायतका कारोबारदेखि पछिल्लो समयमा देखा परेको क्रिप्टोकरेन्सी भनिने भर्चुयल पैसामा समेत कारोवार गर्न सजिलो भएको छ । अनेकन व्यापार व्यवसाय  इन्टरनेटको माध्यमबाट चल्न थालेका छन् । संसारकै सबैभन्दा ठूलोमध्येको बिक्रेता 'अलिबाबा'को आफ्नो गोदाम छैनस ट्याक्सी सेवा प्रदायक 'उवर'को कुनै गाडी छैनस संसारकै ठूलो संख्यामा ग्राहकलाई भाडामा कोठाहरू दिलाउने 'एयरबीएनबी'को आफ्नै कुनै भाडामा दिने कोठा छैन र सबैभन्दा ठूलो मिडिया 'फेसबुक'ले कुनै समाचार सामग्री उत्पादन गर्दैन तर ती सबै व्यवसायलाई इन्टरनेटले सम्भव बनाएको छ । व्यापार व्यवसाय र आर्थिक कारोबार गर्ने तौर तरिकामा इन्टरनेटले क्रान्तिकारी परिवर्तन ल्याएको छ ।

शासन प्रणालीमा समेत इन्टरनेटले परिवर्तन ल्याएको छ । नेपालको सूचना प्रविधि नीति २०७२ ले 'विश्वव्यापीरुपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरकृया तथा सार्वजनिक सेवा तथा सूचना प्रवाहमा आधारभूत परिवर्तन आएको' मान्दै 'यो प्रविधिको प्रयोगबाट सुशासनको प्रत्याभूत गर्नुका साथै बढी पारदर्शी एवं प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ट पूर्वाधार निर्माण गर्न सहज हुने अपेक्षा' गरेको छ । इ-गभर्नेन्स भनिने विद्युतीय सरकारको अवधारणा नेपाल लगायत संसारभर प्रचलनमा रहेको छ ।

विद्युतीय सरकार भन्नाले इन्टरनेट र प्रविधिलाई यथाशक्य सबै सरकारी र सार्वजनिक निकायमा प्रयोग गरि नागरिकका लागि सरकारी सूचना, सेवा र सुविधाहरू सम्भव भएसम्म इन्टरनेटमार्फत उपलब्ध गराउनेस शासनपद्धतिमा नागरिकहरूको संलग्नता बढाउन इन्टरनेटलाई प्रयोग गर्ने र सरकारी कामकार्बाहीलाई व्यवस्थित, सहज र छरितो बनाउने हो । यसमा स्थानीय स्तरमा सेवा दिन तथ्याङ्कलाई एकीकृत गर्ने व्यवस्था हुनसक्छ ।

## ५. इन्टरनेट कसले नियन्त्रण गर्छ ?

इन्टरनेट कुनै एक व्यक्ति वा कम्पनी वा संस्था वा सरकारको नियन्त्रणमा छैन । धेरै कम्प्युटर सञ्जालहरू र करोडौ उपकरणहरू जोडिने इन्टरनेटको नियन्त्रण कोहीसँग छैन । तर विश्वव्यापी रुपमा सार्वजनिक हितमा स्वत: सञ्चालन हुनका लागि आवश्यक प्राविधिक र अन्य विषय सम्बन्धमा केही मानक निर्माणका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र र प्राज्ञिक एवं वैज्ञानिक क्षेत्रका प्रतिनिधिहरू सम्मिलित हुने केही अन्तर्राष्ट्रिय स्वशासित स्वतन्त्र संस्थाहरूले कार्य गर्दछन । उदाहरणका लागि आइपी एड्रेस र डोमेन नाम जस्ता विषयमा मानक निर्माणको काम 'आइक्यान' भन्ने संस्थाले गर्छ भने इन्टरनेट आर्किटेक्चर बोर्डले यसको प्राविधिक र इञ्जिनियरिङका मानकको निर्माण गर्छ ।

कुनै देशको सीमाभित्र इन्टरनेट प्रयोगको नियमन त्यो देशको संविधान, नीति, नियम तथा कानुन अन्तर्गत गरिएको हुन्छ । उदाहरणका लागि नेपालको सीमाभित्र नेपालको संविधान राष्ट्रिय आम सञ्चार नीति, विज्ञान तथा प्रविधि नीति लगायतका विभिन्न नीतिहरू र विद्युतीय कारोवार ऐन, मुलुकी ऐन फौजदारी संहिता र मुलुकी ऐन देवानी संहिताजस्ता कानुनहरूमा गरिएका व्यवस्था अनुसार इन्टरनेटको नियमन हुन्छ । यसरी नियमन गर्ने नीति नियम र कानुनहरू भने नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधान र मापदण्डहरू पालना गरेर बनेको हुनुपर्दछ ।

# ६. इन्टरनेट स्वतन्त्रता

इन्टरनेटका कारण सामान्य नागरिक, लोकतन्त्रका पक्षधर एवं मानवअधिकार वकालतकर्ताहरूलाई आफ्नो विचार, धारणा तथा अभिव्यक्ति निर्धक्क राख्न, उक्त धारणालाई बढी भन्दा बढी व्यक्ति तथा समुदायसम्म पुऱ्याउन सहज र सरल भएको छ। यसका साथै अधिकारकर्मीहरूले सरकार, सरकारी निकाय तथा व्यावसायिक समुहहरूको गलत कार्यहरूलाई जनसमक्ष ल्याउन तथा उनीहरूको कार्यविरुद्ध आलोचनात्मक विचार राख्न पनि इन्टरनेटले सहयोग गरेको छ । इन्टरनेटले नागरिक र राजनीतिक अधिकार मात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयनमा समेत महत्वपूर्ण भूमिका खेलेको छ । इन्टरनेटको यहि शक्तिका कारण विभिन्न सरकारहरूले इन्टरनेटलाई अनावश्यक रुपमा नियन्त्रण गर्ने, इन्टरनेट बन्द गर्ने, इन्टरनेटमा भएको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियमन गर्ने प्रयास पनि बढदै गैरहेको छ । यसै सन्दर्भमा इन्टरनेट स्वतन्त्रताको महत्व झनै बढ्दै गएको छ । संसारमै सबैभन्दा बढी इन्टरनेट बन्द गर्ने अपजस पाएको भारतले सन् २०१७ मा मात्रै ७० पटक इन्टरनेट सेवा काटिदिएको थियो । नेपालमा पनि सन् २००१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएपछि इन्टरनेट सेवा अवरुद्ध पारिदिएका थिए । इन्टरनेटमा पहुँच, इन्टरनेटमा रहेका विषयवस्तुको नियमन, सोसँग सम्बन्धित अधिकार आदिलाई पछिल्लो चरणमा इन्टरनेट स्वतन्त्रता (इन्टरनेट फ्रिडम), डिजिटल अधिकार, डिजिटल स्वतन्त्रता वा इन्टरनेट अधिकार आदिका रुपमा परिभाषित गरिएको छ ।

पछिल्लो केही वर्षदेखि चर्चामा आउन थालेको वृहत अवधारणा समेट्ने शब्दावली हो, इन्टरनेट स्वतन्त्रता । इन्टरनेट स्वतन्त्रता आजकल डिजिटल अधिकारका रुपमा पनि परिभाषित गरिन्छ । यसमा इन्टरनेटमा पहुँचको अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, भेला हुने अधिकार तथा गोपनीयताको अधिकार लगायतका अधिकार समावेश हुन्छन् । यसका साथै इन्टरनेट स्वतन्त्रतामा नेट तटस्थताको सिद्धान्त पनि पर्दछ ।

इन्टरनेट स्वतन्त्रता अभियन्ता संस्थाहरूले सन् २०१२ मा इन्टरनेट स्वतन्त्रता घोषणापत्र (परिशिष्ट च) जारी गरेका थिए । विश्वका सयौ संस्थाहरूले हस्ताक्षर गरेको उक्त घोषणापत्रमा इन्टरनेट स्वतन्त्रतामा पाँच आधारभूत सिद्धान्तलाई समावेश गरिएको छ:

१. प्रतिबन्धरहित इन्टरनेट
२. विश्वव्यापी, छिटो गतिको र कम खर्चिलो सञ्जाल
३. सञ्चार, सिर्जना वा जोड्न स्वतन्त्र इन्टरनेट
४. नयाँ प्रविधि र आविष्कारको संरक्षण
५. गोपनीयता र आफ्नो सूचनामाथि प्रयोगकर्ताको नियन्त्रण

## ७. अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेट

अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत मानव अधिकार हो । मानवीय जीवन र मर्यादामा केन्द्रीय महत्व राख्नुका साथै राजनीतिक प्रणालीमा सहभागी हुने अधिकार लगायत सबै मानव अधिकारको आधार भएको कारणले गर्दा अभिव्यक्ति स्वतन्त्रताको अधिकार आधारभूत अधिकारको रुपमा रहेको छ । विचार तथा बुझाईहरू विकास गर्न तथा तिनका बारेमा छलफल गर्दै सत्य कुरा पत्ता लगाउन, व्यक्तिको आत्मविकास तथा प्रजातान्त्रिक समाजको राजनैतिक जीवनमा प्रभावकारी रुपमा संलग्न हुनका लागि विचार तथा अभिव्यक्ति स्वतन्त्रताको मुख्य भुमिका रहेको हुन्छ । अन्य मानवअधिकारको हनन भएको अवस्थामा ति अधिकार संगसंगै अभिव्यक्ति स्वतन्त्रताको अधिकार पनि हनन भैरहेको हुन्छ ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार अन्तर्गत सूचना तथा विचारहरू 'खोजी गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने' अधिकार सामेल रहने कुरा अन्तर्राष्ट्रिय मापदण्डहरूले स्पष्ट रुपमा उल्लेख गरेका छन् । 'सूचना तथा विचारको प्रसार' अभिव्यक्ति स्वन्त्रताको महत्वपूर्ण पक्ष हो । प्रसारको अधिकार भनेको आफूलाई लागेको वा थाहा भएको कुनै कुरा, व्यक्तिगत रूपमा वा आमसञ्चार माध्यमको प्रयोगबाट अरू व्यक्तिलाई बताउन पाउने अधिकार हो ।

सूचना तथा विचारहरू 'खोजी गर्ने र प्राप्त गर्ने' अधिकार अन्तर्गत समाचारपत्रहरू प्राप्त गर्ने र पढ्ने, प्रसारणहरू सुन्ने, इन्टरनेट चलाउने, सार्वजनिक छलफलहरूमा श्रोताका रूपमा भाग लिन पाउने अथवा पत्रकारिता तथा प्राज्ञिक अनुसन्धान गर्ने लगायतका अधिकारहरू समेत समेटिन्छन् । यसका साथै 'सूचनाको अधिकार' अभिव्यक्ति स्वतन्त्रता अधिकारको एक महत्वपूर्ण अङ्ग हो । यस अधिकार अन्तर्गत सार्वजनिक निकायमा रहेका सूचनामा सर्वसाधारणको पहुँचको अधिकार सामेल रहन्छ ।

इन्टरनेटको अभ्युदयले अभिव्यक्ति स्वतन्त्रताको अभ्यासमा क्रान्ति ल्याएको छ । इन्टरनेटकै कारण आज विश्वका लगभग चार अर्ब मानिसहरू आफ्नो विचार तथा धारणा संसार समक्ष तत्काल, सहज र कम खर्चमा रुपमा राख्न सफल छन् । परम्परागत मिडियाको चासो भित्र नपरेका विषयहरू आज इन्टरनेटमा पहुँचकै कारणले अगाडि आउन सकेका छन र सार्वजनिक वहसहरू थप शसक्त भएका छन् । सामाजिक सञ्जालमा भएको वहस, जनअसन्तुष्टिको अभिव्यक्तिले सार्वजनिक निर्णय प्रकृयामा प्रभाव परेका उदाहरणहरू नेपालमा पनि देखिएका छन् ।

## ८. इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रताको नियमन

इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रताको नियमन मुलतः इन्टरनेटमा प्रकाशन र प्रसारण हुने विषयवस्तुसँग सम्बन्धित हुन्छन् । इन्टरनेटमा के कस्तो सामग्री प्रकाशन वा प्रसारण गर्न पाईन्छ र कस्ता

सामग्रीहरू प्रकाशन गर्न पाईदैन भन्ने विषय नै इन्टरनेटको विषयवस्तुको नियमन हो । अभिव्यक्ति स्वतन्त्रता सम्बन्धि अन्तर्राष्ट्रिय मापदण्डहरू जस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६७ को धारा १९ ले कुनै व्यक्तिले आफ्नो विचार तथा अभिव्यक्ति प्रकट गर्न छनौट गरेको जुनसुकै माध्यममा पनि अभिव्यक्ति स्वतन्त्रताको अधिकार लागू हुने सुनिश्चित गरेको छ । यस मापदण्डअनुसार इन्टरनेटमा प्रकट गरिएका विचार तथा अभिव्यक्तिहरूलाई अभिव्यक्ति स्वतन्त्रताको संरक्षण उपलब्ध हुन्छ ।

अभिव्यक्ति स्वतन्त्रता निरपेक्ष अधिकार भने होइन, यसका केही वैध सीमाहरू छन् र यी सीमाहरू पनि तिनै अन्तर्राष्ट्रिय सन्धिहरूमा व्यवस्था गरिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६७ को धारा १९ ले अरुको अधिकार वा प्रतिष्ठाको सम्मान तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरेको छ । त्यसैगरी धारा २० ले युद्धको लागि गरिने कुनै पनि प्रचार एवम् भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालत निषेध गरेको छ। इन्टरनेट नियमन सम्बन्धि राष्ट्रिय कानुनहरू बनाउँदा यी अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाइनु पर्दछ ।

## ९. इन्टरनेट तटस्थता (नेट न्युट्रालिटी)

इन्टरनेट सेवा उपलब्ध गराउने कम्पनीहरूले इन्टरनेटमा रहेका सवै किसिमका सामग्रीहरूलाई समान किसिमले प्रयोगकर्ताको पहुँचमा दिनुपर्छ भन्ने सिद्धान्त नै इन्टरनेट तटस्थता हो । इन्टरनेटमा भएको सामग्रीहरूको उपयोग गर्दा फरक फरक किसिमको सेवाशुल्क लिन हुदैन, कुनै सेवा (डेटा)लाई अवरोध गर्ने, त्यसको गति तीव्र वा सुस्त बनाउन' हुदैन । उदाहरणका लागि इन्टरनेटमा कुनै निश्चित सेवा जस्तो फिल्म हेर्न वा कुनै निश्चित साइटलाई छिटो चल्ने बनाउने गर्नु इन्टरनेट तटस्थता विरुद्ध हो । इन्टरनेट तटस्थताको अभावमा आर्थिक रुपमा बलियो संस्था वा वेबसाइट वा सेवालाई इन्टरनेटमा सहज उपलब्ध गराउन सक्छ र त्यसले अरु प्रतिस्पर्धी उत्पादन तथा नयाँ सिर्जनशिलतालाई निरुत्साहित गर्छ भने भैरहेका सेवाहरूवीचमा असमान प्रतिस्पर्धा सिर्जना गर्दछ । भारतमा फेसबुक कम्पनीले आधारभूत इन्टरनेट सेवा सुरु गर्न खोज्दा इन्टरनेट तटस्थताका समर्थकहरूले त्यसको विरोध गरेका थिए जसका कारण सो सेवा भारतमा सुरु भएन भने नेपालमा पनि एक मोबाइल सेवा प्रदायकले फेसबुक चलाँउदा पैसा नलाग्ने सेवा सुरु गरेपछि इन्टरनेट तटस्थताको बहस सुरु भएको थियो ।

परिच्छेद
२

# इन्टरनेटमा पहुँच

**इन्टरनेटका सामाजिक सञ्जाल र अन्य प्रविधिका कारण अहिले विश्वका करोडौ मानिसहरूसँग आफ्ना विचार व्यक्त गर्ने र ती विचारहरू विश्वसमक्ष पुऱ्याउने एउटा माध्यम उपलब्ध छ।**
- मार्क जुकरबर्ग (फेसबुक निर्माता)

## १. इन्टरनेटको पहुँच र डिजिटल डिभाइड

सन् २०१७ को मध्यतिर संसारभर ३ अर्ब ८८ करोड इन्टरनेट प्रयोगकर्ता थिए, जुन विश्व जनसंख्याको ५२ प्रतिशत हो । उत्तर अमेरिकाको जनसंख्याको ८८ प्रतिशत र युरोपको ८० प्रतिशतसम्म इन्टरनेटको पहुँच छ भने विश्वका कुल इन्टरनेट प्रयोगकर्तामध्ये आधा एसियामा रहेपनि जनसंख्याको ४६ प्रतिशतसम्ममात्रै इन्टरनेटको पहुँच छ । अफ्रिकाका ७० प्रतिशत जनसंख्यामा इन्टरनेट सेवा उपलब्ध छैन ।



नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या कुल जनसंख्याको ६३ प्रतिशत छ । तर यो संख्याले कुल जनसंख्याको ६३ प्रतिशतसम्म इन्टरनेटको पहुँच छ भन्ने जनाउदैन यसर्थ इन्टरनेट प्रयोग गर्ने नेपालीहरूको संख्या यो भन्दा निक्कै कम छ । फेसबुकमा नेपालीहरूको संख्या ८५ लाखको हाराहारीमा देखिन्छ, जुन जनसंख्याको एक तिहाई जति हो ।

पूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले कुनै समय भनेका थिए- "विश्वव्यापीकरण हामीजस्ता धनी व्यक्तिहरूले व्याख्या गरेको राम्रो वस्तु हो, इन्टरनेटको बारेमा कुरा गर्छौं, मोबाइल फोनका बारेमा कुरा गर्छौं र कम्प्युटरका बारेमा कुरा गर्छौं । यसले विश्वका दुई तिहाई जनसंख्यालाई कुनै असर गर्दैन ।"

इन्टरनेटसम्म पहुँच हुने र नहुने व्यक्ति वा समुदायकावीच देखिने असमानता डिजिटल डिभाइड हो । यो इन्टरनेट हुने र नहुनेवीच देखिने सूचनासम्मको पहुँच र त्यो पहुँचले ल्याउने सशक्तीकरणको कारण हुने वर्गीकरणको सामाजिक मुद्दा हो । संसारमा विशेषगरी अफ्रिकी मुलुकहरू र कम विकसित मुलुकहरूका नागरिकहरूमा डिजिटल डिभाइडका कारण असमानता बढ्दै गएको मानिन्छ । योसँगै जोडिएर आर्थिक समानता, प्रजातन्त्र र साक्षरताका मुद्दाहरू पनि आउँछन् ।

युनिसेफका अनुसार डिजिटल डिभाइड इन्टरनेटको पहुँचको कुरा मात्रै होइन किनभने कम्प्युटर नभई मोबाइल फोनबाट इन्टरनेट चलाउनेले उत्कृष्ट अनलाइन अनुभुति गर्न पाउँदैन भने चलाउन सीप कम भएका वा कम बोलिने भाषा बोल्नेहरूले कामलाग्ने सामग्री नभेट्न सक्छन ।

लैङ्गिक हिसाबले पनि इन्टरनेटमा पुरुषहरूभन्दा महिलाहरूको पहुँच कम छ । सन् २०१७ मा विश्वभरका इन्टरनेट प्रयोगकर्ताहरूमध्ये पुरुषभन्दा महिला १२ प्रतिशत कम थिए भने भारतमा महिला इन्टरनेट प्रयोगकर्ता एकतिहाईभन्दा कम छन् । डिजिटल डिभाइडलाई कम गरेर सबैले इन्टरनेटको सकारात्मक विस्तारमा सहयोग गर्न र यसको फाइदा लिनका लागि यसलाई सबैको पहुँचमा पुऱ्याउने, सबैका लागि इन्टरनेट सहज र सुरक्षित बनाउने अवधारणालाई 'डिजिटल समावेशिता' भनिन्छ ।

## २. इन्टरनेट र मानव अधिकार

इन्टरनेट चलाउन पाउनु मानव अधिकार हो । यसको पहुँचलाई संयुक्त राष्ट्रसंघले २०१६ मा मानव अधिकारको भन्यो । डिजिटल डिभाइड कम गर्न र इन्टरनेटको असीमित संभावनाहरूबाट मानव जातिको हित गर्ने कुरालाई मनन गर्दै राष्ट्रसंघले त्यो घोषणा गरेको थियो । तर इन्टरनेट आफैमा मानव अधिकार मात्र नभई अन्य आधारभूत मानव अधिकार प्रयोग गर्ने माध्यमका रुपमा विकास भएको छ ।

इन्टरनेट वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको लागि सबैभन्दा महत्वपूर्ण छ । प्रजातान्त्रिक व्यवस्थामा सबै नागरिकलाई अभिव्यक्तिको अधिकार प्रदान गरिए पनि त्यसको प्रयोग आम मानिसका लागि सजिलो थिएन र छैन । ठूलो जनसंख्यासम्म आफ्नो विचार वा भावना राख्नसक्ने साधनहरू जस्तै मिडिया कि त शक्तिशालीकै हातमा छन् कि प्रभावकारी हुँदैनन् । तर इन्टरनेटले प्रत्येक व्यक्तिको हातमा यस्तो एउटा सरल माध्यम दियो जसबाट आफ्ना विचार विश्वसामु राख्न निमेषभरको सहज कार्य भयो । मानव अधिकार हननका घटनाहरूलाई पनि सार्वजनिक बहसको मुद्दा बनाउन इन्टरनेटले भूमिका निर्वाह गरेको छ । सूचनामा पहुँच पनि मानव अधिकार हो । अति जरुरी सरकारी सूचनाहरूको उपलब्धता र मागका लागि इन्टरनेटको प्रयोग हुन सक्छ ।

त्यस्तै शान्तिपूर्णरुपमा भेला हुन पाउने अधिकार वा संगठित हुन पाउने अधिकारलाई पनि यसले सहज बनाइदियो किनभने भेला वा सङ्गठनका कार्यहरू इन्टरनेटबाटै सम्भव भयो । विश्वका कतिपय राजनीतिक परिवर्तनका आन्दोलनहरू वा सामाजिक वा आर्थिक अभियानहरूको थालनी र मूल जग इन्टरनेटकै माध्यमबाट भएका उदाहरणहरू प्रशस्त छन् ।

इन्टरनेट मानिसहरू, विशेष गरी महिला र लैङ्गिक अल्पसंख्यकहरूको यौनिकता अभिव्यक्तिको स्वछन्द माध्यमका रुपमा पनि रहेको छ। महिला र लैङ्गिक अल्पसंख्यकहरूका लागि यौन सम्बन्धी अध्ययन, अभिव्यक्ति र अनुभव साटासाटका लागि सहज र उपलब्धमध्ये सुरक्षित माध्यमका रुपमा देखिए पनि इन्टरनेट उनीहरूका लागि सोचिएको जति सुरक्षित छैन । सन् २०१६ मा काठमाडौमा गरिएको लैङ्गिक समानता र यौन एवं प्रजनन अधिकारकर्मीको सर्वेक्षणमा ८८ प्रतिशतले इन्टरनेटमा अन्य व्यक्तिमाथि हिँसाको घटना भएको देखेको बताएका थिए भने ५२ प्रतिशतले त्यस्तो घटना आफैले भोगेको बताएका थिए ।

## ३. इन्टरनेटको प्रयोग

इन्टरनेटको विकास सञ्चारका लागि भएको हो तर यसका प्रयोगका संभावनाहरू असीमित छन् । हाल इन्टरनेटको सबैभन्दा बढी भइरहेको मध्ये १० प्रयोगहरू यसप्रकार छन्:

**क. सूचना र समाचार:** संसारभर प्रत्येक क्षण घटिरहने थुप्रै घटनाहरूका बारेमा समाचार प्राप्त गर्न वा व्यक्तिगत वा सार्वजनिक महत्वका सूचनाहरू प्राप्त गर्न इन्टरनेट छरितो छ। आम सञ्चारका माध्यमका रुपमा पनि इन्टरनेट मिडियालाई मात्रै नभई व्यक्ति वा सानो समूहलाई समेत विश्वभर क्षणभरमै पुग्न सक्ने माध्यम हो। समाचार साइटहरू, सोसल मिडिया, ब्लग वा अन्य वेबसाइटहरू सूचना र समाचारका स्रोतहरू हुन ।

**ख. सञ्चार:** इन्टरनेटको सबैभन्दा बढी प्रयोग हुने सेवा इमेल हो। दैनिक साढे २ खर्बभन्दा बढी इमेल आदानप्रदान हुन्छ। व्यक्तिगत रुपमा संसारका कुनामा रहेका व्यक्तिसँगपनि सञ्चार सम्बन्ध स्थापित गर्नु इन्टरनेटको आगमनले सहज र सस्तो बनाएको छ। इन्टरनेट प्रयोग नगरी गरिने सञ्चार गाह्रो र महँगो हुन्छ । इन्टरनेटले आफ्नै घरकोठाबाट टाढा नजिक रहेका आफन्त वा साथीभाईसँग सहजै गफ गर्न वा भिडियोमा गफ गर्ने सुविधा दिएको छ। उदाहरण हामीले प्रयोग गर्ने भाइबर, स्काइप, ह्वाट्सएप, मेसेन्जर वा इमो जस्ता सुविधा हुन ।

**ग. शिक्षा:** शिक्षा क्षेत्रमा इन्टरनेटले क्रान्ति ल्याएको छ। दूरशिक्षा वा स्वअध्ययनका लागि वरदान साबित इन्टरनेटमा पुस्तक र सन्दर्भ सामग्री मात्र होइन, भिडियो वा एनिमेसन वा मल्टिमिडिया सामग्री समेत यथेष्ठ छ । आवश्यक पर्दा विज्ञको सहयोग माग्न समेत सकिन्छ । इ-पुस्तकालय वा इन्टरनेटबाट औपचारिक/अनौपचारिक शिक्षा ग्रहण गर्न मिल्ने खान एकेडेमी वा फ्यूचर लर्न जस्ता सुविधाहरू हुन ।

**घ. कारोबार र व्यापार:** इन्टरनेटबिनाको व्यापार व्यवसायको परिकल्पना समेत हुन नसक्ने भएको छ। आर्थिक कारोबारका लागि इन्टरनेट बैंकिङग र मोबाइल वालेट भनिने इ-सेवा वा खल्ती जस्ता सेवाले इन्टरनेटमा किनबेच वा सेवा कारोबार सजिलो बनाएको छ। फोन वा बिजुली वा अन्य घरेलु सेवाहरू बापत तिर्नुपर्ने शुल्कहरू वा ट्याक्सी वा कर पनि इन्टरनेट प्रयोग गरेर सजिलै तिर्न सकिन्छन ।

**ङ. मनोरञ्जन:** चलचित्र वा अन्य भिडियो, सङ्गीत वा कम्प्युटर खेलहरूबाट मनोरञ्जन प्राप्त गर्नका लागि इन्टरनेटको धेरै प्रयोग हुन्छ । इन्टरनेटमा समय गएको पत्तै हुदैन भनिन्छ जसको कारण यसले दिने मनोरञ्जन हो । युट्युब जस्ता निशुल्क सेवाहरू हुन् वा नेपालमा प्रचलनमा आउन थालेको नेटटिभी हुन् सबैको माध्यम इन्टरनेट नै हो ।

**च. अनुसन्धान:** इन्टरनेट आउनु अगाडिसम्म अनुसन्धान गर्न सयौं किताबहरू पढ्नु पर्थ्यो, पुस्तकालय धाउनु पर्थ्यो तर इन्टरनेटले कुनैपनि विषयमा गरिने अनुसन्धानलाई अझ प्रभावकारी रुपमा निमेषभरमा एक दुई क्लिकको भरमा आफ्नै घर कोठामा ल्याइदिएको छ । आफ्ना खोज अनुसन्धान अरुलाई बाँड्न पनि इन्टरनेटको उपयोग हुन्छ ।

**छ. किनमेल र बुकिङ् सेवा:** किनमेलका लागि पसल पसल धाउनु पर्ने बाध्यताबाट इन्टरनेटबाट हुनसक्ने किनमेलले मुक्ति दिन्छ। कोठैमा बसिबसि छानीछानी सबैखाले सामानहरू किन्न सकिन्छ। त्यस्तै बस वा हवाइजहाजका टिकटहरू देखि होटलका कोठा वा पर्यटनका योजना बुकिङ् गर्न पनि इन्टरनेट प्रयोग हुन्छ । किनमेलका लागि भाटभटेनी वा मुन्चा हाउसजस्ता पसलहरूमा इन्टरनेटमार्फत किनमेल गर्न सकिन्छ भने हाम्रोबजार वा दराज वा सस्तोडिल जस्ता इन्टरनेटमार्फत मात्रै चल्ने पसलहरू पनि छन्।

**ज. जागिर र वृत्तिविकास:** जागिर खोज्ने काम होस् वा आफ्नो क्षेत्रमा ज्ञान र सिप हासिल गरेर आफ्नो वृत्तिविकास गर्ने काम वा आफ्नो प्रगति विवरणहरू राख्ने काम सबैलाई इन्टरनेटले सहज र प्रभावकारी बनाइदिएको छ । जागिर दिनेहरूले पनि आवश्यकता अनुसारको उम्मेदवार खोज्न इन्टरनेट प्रयोग गर्छन । नेपालमा मेरोजब वा राम्रोजब वा जब्सनेपाल जस्ता साइटहरूले खुलेका जागिरहरूका बारेमा जानकारी दिन्छन ।

**झ. व्यक्तिगत र लेखन:** इन्टरनेटबाट मन मिल्ने साथी खोज्ने वा भेटघाट गर्ने वा विवाहसम्बन्धका लागि वरवधु खोज्नु सामान्य भइसकेको छ। साथै व्यक्तिगत वेबसाइट निर्माण गर्ने वा आफ्ना विचार वा सिर्जनाहरू प्रकाशित गर्न पनि इन्टरनेट उपयोगी छ ।

**ञ. सामाजिक सञ्जाल:** हाल सामाजिक सञ्जालको प्रयोग यति धेरै हुन्छ कि इन्टरनेटका अरु कुनै सेवा प्रयोग नगर्ने प्रयोगकर्ता समेत फेसबुकजस्ता सामाजिक सञ्जाल प्रयोग गर्छन। नेपाल जस्ता विकासशील देशमा इन्टरनेट भनेकै सामाजिक सञ्जालका रुपमा बुझ्ने धेरै प्रयोगकर्ताहरू छन् ।

# ४. सोसल मिडिया

सन् २००० यता इन्टरनेट विस्तारै सूचना र सञ्चारको एकतर्फी माध्यमभन्दा प्रयोगकर्ताहरू सक्रिय हुने गरी दुईतर्फी वा बहुतर्फी माध्यमका रुपमा विकास हुन थाल्यो । जसलाई “वेब २.०” भनिन्छ। यो परिवर्तनले सोसल मिडियाको आगमन भयो र आज हजारौंको संख्यामा सोसल मिडिया भन्न सकिने सेवाहरू इन्टरनेटमा उपलब्ध छन् र तिनलाई करौडौ मानिसहरूले प्रयोग गरिरहेका छन् । फेसबुक, ट्विटर, युट्युब, ईन्ष्टाग्राम, ब्लग, वा स्न्यापच्याट जस्ता वेबसाइट वा एपहरू सोसल मिडिया हुन् । सामान्यरुपमा दुई जनावीच वा सानो समूहवीच कुराकानी हुने स्काइप वा भाइबर वा ह्वाट्सएप वा इमो अथवा समाचार वेबसाइट जस्तै कान्तिपुरडेलीडटकम वा नागरिकन्यूजडटकम वा अनलाइनखवरडटकम सोसल मिडिया होइनन् । तर भाइबर र ह्वाट्सएपलाई केही अवस्थामा सोसल मिडियाका रुपमा प्रयोग गर्न सकिन्छ ।




कुनै वेबसाइट वा एप पनि सोसल मिडिया हुनका लागि तलका ४ आधारभूत मापदण्ड पूरा गर्नुपर्छ। यी चारै प्रश्नको उत्तर सकारात्मक भए मात्रै त्यो वेबसाइट वा एप सोसल मिडिया हुन्छः

क. के त्यो वेबसाइट वा एप प्रयोगकर्ताले आफ्नो सामग्री (अक्षर वा फोटो वा भिडियो वा आवाज वा स्थान वा अन्य केही) राख्न सक्छन ?
ख. के त्यसरी प्रयोगकर्ताले राखेका सामग्री कसैले सम्पादन नगरी तुरुन्तै प्रकाशित हुन्छ ?
ग. के प्रयोगकर्ताले आफूले राखेको सामग्री चाहेको बेला सम्पादन गर्न वा मेट्न सक्छन ?
घ. के त्यस्ता सामग्री प्रयोगकर्ताको सञ्जालमा रहेका व्यक्तिहरूवीच सार्वजनिक हुन्छ ?

नेपालमा सबैभन्दा बढी प्रयोग भइरहेको सोसल मिडिया फेसबुक हो, जसमा ८५ लाख भन्दा बढी नेपालीहरू प्रयोगकर्ता रहेको देखिन्छ । युट्युब र ट्विटर पनि लाखौ नेपालीहरूले प्रयोग गरिरहेका छन् । सोसल मिडियाले सामाजिक सम्बन्धहरू निर्माण गर्न, विशिष्टीकृत समुदायहरूमा सहभागी हुन र त्यहाँ सूचना र जानकारीहरू बाँड्न सुविधा प्रदान गर्छ ।

परिच्छेद
३

# इन्टरनेट दुरूपयोग र अपराध

इन्टरनेट युवाहरूको लागि वरदान र श्राप दुबै हो।
जे के रोलिङ् (लेखिका, ह्यारी पोटर)

## १. इन्टरनेट दुरूपयोग

**क) साइबर उत्पीडनः** साइबर उत्पीडन भनेको इन्टरनेट प्रविधि प्रयोग अरुलाई विशेष गरी बालबालिका र किशोरकिशोरीलाई नकारात्मक, हानिकारक, गलत, गोप्य वा रुखो महसुस हुने सामग्री पठाउने वा त्यस्ता मानसिकरुपमा नराम्रो महसुस गर्ने सामग्रीहरू सार्वजनिक रुपमा प्रकाशित गर्ने कार्य हो । यस्तो उत्पीडनले व्यक्तिको आत्मबललाई असर गर्ने र मनोस्वास्थ्यमा नकारात्मक असर पार्दछ । अरु मानिसको मानवीय कमजोरीलाई लक्षित गरी लान्छना लगाउने वा व्यक्तिगत सम्बन्धका कुराहरू सार्वजनिक गर्ने वा मनोबल गिर्ने गरी गाली गर्ने वा आरोप लगाउने वा बेइज्जत हुने कार्य गर्ने वा धम्की दिने कार्यहरू साइबर उत्पीडन हो । इन्टरनेटमा कोही व्यक्तिलाई सोसल मिडियामा अनावश्यकरुपले ध्यान दिइरहने साइबर स्टकिङ् वा कुनै व्यक्तिलाई धेरै मानिसहरूले कुनै विषयलाई लिएर आलोचना वा गाली गलौज गर्ने ट्रोलिङ गर्ने पनि साइबर उत्पीडन हुन । साइबर उत्पीडनका कारण चर्चित व्यक्तित्वहरूले सोसल मिडिया चलाउनै छोडेकोदेखि बालबालिका र किशोरकिशोरीले आत्महत्यासम्म गरेका उदाहरणहरू छन् ।

**ख) यौन आग्रह र दुर्व्यवहारः** यौनका सम्बन्धमा कुराकानी, नग्न वा यौनका तस्बिरहरू पठाउने वा माग्ने, यौनिक विषयका जानकारीहरू माग्नेदेखि क्यामरामा यौन गतिविधी रेकर्ड गर्न वा यौन सम्बन्धका लागि बाध्य पार्ने जस्ता कार्यहरू पनि इन्टरनेटमार्फत हुनसक्छन् । यी कार्यहरू यौन दुर्व्यवहार अन्तर्गत पर्छन । विशेषगरी गोपनीय व्यक्तिगत जानकारी वा तस्बिरहरू फकाएर लिने र त्यसपछि ती सार्वजनिक गर्ने बहानामा यौन आग्रह र दुर्व्यवहारहरू हुने गर्दछ । हाल सेक्स्टिङ भनिने एसएमएसमार्फत गरिने यौनका कुराकानी, भाइबर, इमो वा फेसबुक मेसेन्जर मार्फत गरिने यौनका कुराकानी, तथा स्काइप वा भाइबर मार्फत गरिने भिडियो कुराकानी सामान्य र एकान्तबाट गर्न मिल्ने बनेको छ, जसले गर्दा यौन आग्रह वा दुर्व्यवहार हुने संभावना बढेको छ ।

**ग) अश्लील सामग्रीमा पहुँचः** इन्टरनेटमा छरपस्ट रहेका यौन सामग्रीहरूसम्म यसको प्रयोग गर्नेहरूको सजिलै पहुँच पुग्छ । त्यस सामग्रीहरूको आक्रामक विज्ञापनका कारण इन्टरनेट प्रयोगकर्ताले नचाहे

पनि कतै न कतै यस्ता सामग्रीहरू देख्न पुग्छन् । सम्पूर्ण इन्टरनेटको लगभग १५ प्रतिशत सामग्री अश्लील यौन सामग्री छ र कुल इन्टरनेट प्रयोगको ३० प्रतिशत अश्लील सामग्रीका लागि गरिन्छ । यौन सामग्रीहरूको पहुँच र यसको ज्यादा प्रयोगले व्यक्तिमा नकारात्मक प्रभावहरू पर्छ जसले जीवनभर उनीहरूलाई तनाव वा कुलतमा राख्न सक्छ । अश्लील चित्र हेरेपछि बालबालिकामा उमेर नपुग्दै यौनप्रति रुचि देखिन थाल्छ, यौन सामान्य र सहज हो भन्ने छाप पर्दछ । उनीहरू समकालीन वा वयस्कहरूसँग उत्तेजक व्यवहार गर्ने, परिवार र साथीभन्दा बेग्लै बस्न रुचाउने, लागूपदार्थको कुलतमा फँस्ने, अध्ययनप्रति रुचि नदेखाउने र आत्महत्यासम्मको प्रयास गर्ने गर्छन् ।

**घ) व्यक्तिगत गोप्यता:** हामी इन्टरनेटमा आफ्नो, आफ्नो परिवार वा साथीभाइका बारेमा लेख्छौं, तस्बिरहरू राख्छौं, रुचिअरुचिका जानकारीहरू राख्छौ । कतिपय अवस्थामा हाम्रा सामग्रीहरूको गलत प्रयोग पनि हुन सक्छ । इन्टरनेटमा विभिन्न स्थानका कुनै व्यक्तिका बारेमा भएका जानकारीहरूलाई एकीकृत गर्दा सो व्यक्तिका बारेमा धेरै व्यक्तिगत कुराहरू थाहा पाउन सकिन्छ जसलाई प्रयोग गरेर उनीहरूमाथि साइबर उत्पीडन वा यौन दुर्व्यवहार हुन सक्छ । सामान्यतया गोप्य राख्नुपर्ने जानकारीहरू उनीहरूले अन्जानमै वा त्यसका असरहरूका बारेमा नबुझी सार्वजनिक गरिरहेका हुनसक्छौ ।

**ङ) अनुचित प्रयोग:** अरु कसैको इन्टरनेट चलाउनु वा आफ्नो इन्टरनेट पासवर्ड बाँडदा हुन सक्ने दुरुपयोग वा ह्याकिङ जस्ता कार्यहरू वा इन्टरनेटबाट गरिने डाउनलोडहरू वा आफूले राखेका सामग्रीहरू गैरकानुनी हुन सक्छ भन्ने जानकारी सामान्यतया प्रयोगकर्तालाई हुँदैन । कुनै गीत वा भिडियो इन्टरनेटमा राख्दा मात्रै होइन, त्यो गीतमा आफू नाचेको भिडियो राख्दा पनि प्रतिलिपि कानुन अनुसार अपराध हुन सक्छ भने इन्टरनेटमा भेटिएका गीत सङ्गीत वा भिडियो डाउनलोड गर्दा पनि अनुचित काम गरिरहेका हुन सक्छौ । छिमेकीको घरको इन्टरनेट पासवर्ड पत्ता लगाउनु पनि अनुचित प्रयोग हो । यी कामहरूबाट अनावश्यक हैरानी र तनाव झेल्नु पर्ने हुन सक्छ ।

**च) इन्टरनेट कुलत:** इन्टरनेटको ज्यादा प्रयोग मनोरोग हो । अमेरिकी मनोवैज्ञानिक संघले त इन्टरनेट प्रयोग कुलत भएको मानिसले रक्सी वा लागू पदार्थकै कुलत बराबरको मनोसामाजिक समस्याहरूमा पर्ने बताइएको छ । इन्टरनेटको कुलतमा परेको मानिसले इन्टरनेटबाहेक अरु कुरामा नरमाउने, इन्टरनेट चलाउन छोड्न नसक्ने, धेरै खुसी वा दुखी हुँदा इन्टरनेटको साहारा लिने र इन्टरनेट चलाउन नपाउँदा बेचैन हुने जस्ता लक्षण देखाउँछन् । चिनियाँ वैज्ञानिकहरूले त इन्टरनेटको ज्यादा प्रयोगलाई मनोवैज्ञानिक समस्याका रुपमा मात्र नभई इन्टरनेटको कुलतले रक्सी र गाँजा वा कोकिनजस्ता लागू औषधको सेवनले जस्तै मस्तिष्कमा भौतिक असर पार्छ भनेर दाबी गरेका छन् ।

# २. साइबर अपराध

साइबर अपराधलाई सामान्य रुपमा कम्प्युटर वा इन्टरनेटको प्रयोग गरेर गरिने आपराधिक कृयाकलापहरू र कम्प्युटर, कम्प्युटर प्रणाली, कम्प्युटर नेटवर्क वा कम्प्युटर कार्यक्रमविरुद्ध लक्षित आपराधिक कृयाकलापहरू हुन् भनी बुझ्न सकिन्छ । यसलाई कम्प्युटर अपराध पनि भनिन्छ ।

परम्परागत अपराध (समाजमा पहिले देखि नै अपराध वा कसुर भनी पहिचान गरी कानुनले रोक लगाएका कार्यहरू) हरू पनि यदि कम्प्युटर वा इन्टरनेटको माध्यमबाट गरिन्छ भने त्यसलाई पनि साइबर अपराध भनिन्छ । उदाहरणका लागि, जुवा खेल्ने कार्यलाई कानुनले रोक लगाएको छ र अपराधका रुपमा परिभाषित गरी सजाँयको व्यवस्था गरेको छ । इन्टरनेटको प्रयोग गरी जुवा खेलाउनु वा इन्टरनेटमा जुवा खेल्नु पनि अपराध हो र यसलाई धेरै देशहरूले अनलाइन ग्याम्बलिंङका रुपमा निषेध गरेका छन् । अनलाइन जुवा साइबर अपराध हो ।

साइबर अपराध सम्बन्धि महासन्धिले साइबर अपराधको परिभाषा नगरेता पनि अनधिकृत पहुँच, गैरकानुनी अवरोध, तथ्याङ्क माथिको हस्तक्षेप, कम्प्युटर प्रणालीमा हस्तक्षेप, उपकरणहरूको दुरुपयोग, कम्प्युटरको माध्यमबाट हुने जालसाजी, किर्ते, बालयौन दुराचार, प्रतिलिप अधिकार र सोसँग सम्बन्धित अन्य अधिकारको उल्लंघनलाई समेटेको छ । केही मुख्य प्रकारका साइबर अपराधहरू यसप्रकार रहेका छन् ।



**क. ह्याकिङ् वा अनधिकृत पहुँचः** सामान्य रुपमा ह्याकिङ्को अर्थ कुनै कम्प्युटर वा कम्प्युटर प्रणालीमा अनधिकृत पहुँच र नियन्त्रण हो । ह्याकिङ् गर्ने व्यक्तिले कम्प्युटर वा कम्प्युटर प्रणालीमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा उक्त कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिको अनुमति वा अख्तियारी नलिइकन पहुँच प्राप्त गर्ने प्रयास गर्छ वा नियन्त्रण स्थापित गर्दछ ।

**ख. कम्प्युटर भाइरसः** कम्प्युटर भाइरस भनेको एक किसिमको कम्प्युटर कार्यक्रम वा कोड हो, जसले आफुलाई पुनः उत्पादन गर्दै सम्पर्कमा आउने अन्य उपकरणमा सर्न सक्छ र कम्प्युटरमा रहेका अन्य दस्तावेज, सूचना, तथ्याङ्क र कार्यक्रमलाई नष्ट गर्न वा कम्प्युटरको कार्यलाई असर गर्न सक्छ । अन्ना कोर्निकोभा भाइरस, आइलभयु भाइरस र मेलिसा भाइरस केही नाम चलेका र खतरनाक कम्प्युटर भाइरसहरू हुन् । कम्प्युटर भाइरससहित कम्प्युटरलाई असर गर्ने अन्य प्रकारका फाइल वा कार्यक्रमहरलाई 'मालवेयर' भनिन्छ । यस्ता कम्प्युटर भाइरसहरू पत्ता लगाउन रोक्न तथा नियन्त्रण गर्न बनाइएका कम्प्युटर कार्यक्रम वा कोडलाई एन्टीभाइरस भनिन्छ ।

हालैको दिनहरूमा कुनै फाइल नहुने खालका मालवेयरहरू र 'र्‍यान्समवेयर' भनिने कम्प्युटर र यसका तथ्याङ्कलाई नियन्त्रणमा लिई निश्चित पैसा तिरे नियन्त्रणबाट छोडिदिने खालका प्रविधि देखिएका छन् । वानाक्राइ नाम दिइएको र्‍यान्समवेयरले २०१७ मा नेपालसहित १०० भन्दा बढी देशका कम्प्युटरहरूलाई असर गरेको र यसबाट विश्वलाई कम्तीमा ४ अर्ब अमेरिकी डलर घाटा लागेको थियो । प्रत्येक वर्ष करोडौको संख्यामा नयाँ मालवेयरहरू बन्ने गर्छन ।

**ग. फिसिङ:** फिसिङ् जालसाजी गरी व्यक्तिको गोप्य जानकारी जस्तै पासवर्ड वा बैङ्क कार्ड नम्बर पत्ता लगाउने तरिका हो । यसरी पत्ता लागेका जानकारी पहिचान चोरी वा ठगीका लागि प्रयोग गरिन्छ । फिसिङ् गर्दा प्रायजसो नाम चलेको संस्थाको नाम दुरुपयोग गरी इमेल पठाएर पासवर्ड परिवर्तन गर्न वा अन्य व्यक्तिगत सूचना भर्न लगाइन्छ । त्यसरी आएको इमेलमा भएको लिंक अथवा संगै आएको फाइल (अट्याचमेन्ट) मा बैंकको खाता नम्बर मागिएको वा पासवर्ड तुरुन्त परिवर्तन गर्नुपर्ने, वा चिट्ठा परेकोले सो रकम प्राप्त गर्न प्रशासकीय शुल्क तिर्नुपर्ने बताइएको हुन्छ । इमेलका पासवर्ड तुरुन्त परिवर्तन गर्न लिङ्कसहितको इमेल वा कुनै पुरस्कार वा सेवा दाबी गर्न भर्न दिइने फारामहरू वा मागिने पैसाहरू फिसिङका उदाहरणहरू हुन ।

**घ. डिजिटल चोरी:** कम्प्युटर सफ्टवेयर, गेम वा कोडस चलचित्र वा म्युजिक भिडियोस सङ्गीत वा पुस्तकआदिको गैरकानुनी उत्पादन तथा विक्रि वा वितरण डिजिटल पाइरेसी हो । प्रतिलिपिअधिकार भएको व्यक्ति वा संस्था बाहेकको अन्य व्यक्तिले कुनै डिजिटल वस्तु कपी गरी पुनः उत्पादन, विक्री वा वितरण गर्दा त्यो चोरी हुन्छ । अनधिकृतरुपमा चोरी गरिएका त्यस्ता सामग्रीहरू डाउनलोड गरेर आफ्नो उपकरणमा राख्नु वा उपभोग गर्नुपनि अपराध हो । नेपालजस्तो विकासोन्मुख देशहरूमा डिजिटल चोरीको समस्या ज्यादा रहेको छ ।

**ङ. सेवाको इन्कारी आक्रमण:** सेवाको इन्कारी आक्रमण नेटवर्क सर्भर विरुद्धको आक्रमण हो जसमा सर्भरले सम्बोधन गर्न नसक्ने गरी ज्यादै ठुलो संख्यामा सेवाको अनुरोध पठाइन्छ र वेबसाइट वा सेवालाई चल्नै नसक्ने बनाइन्छ । यसबाट सो सेवा प्राप्त गर्न चाहने बास्तविक सेवाग्राहीहरूलाई सेवाको इन्कारी हुनजान्छ ।

**च. अनलाइन घोटाला वा जालसाजी:** घोटाला वा जालसाजी परम्परागत अपराध हो र यदि यस्तो घोटाला वा जालसाजी इन्टरनेट वा कम्प्युटरको प्रयोग गरी गरिन्छ भने त्यसलाई अनलाइन घोटाला वा जालसाजी भनिन्छ । उदाहरणका लागि विभिन्न अफ्रिकी मुलुकहरूबाट पैसा स्थानान्तरण गर्नु परेकोले सहयोग गर्नुपर्यो भन्दै आउने इमेल वा सोसल मिडियाहरूबाट वा वेबसाइट मार्फत जालसाली सूचनाहरू प्रवाह गरेर गरिने ठगीहरू हुन ।

**छ. पहिचान चोरी:** पहिचान चोरी भनेको अर्को व्यक्तिको व्यक्तिगत पहिचान खुल्ने सूचना वा जानकारी प्राप्त गरी उक्त सूचना र जानकारीको आधारमा उक्त व्यक्तिजस्तो बनेर विभिन्न लाभ लिने वा आपराधिक क्रियाकलापमा संलग्न हुनु हो । त्यस्तो व्यक्तिगत पहिचान जानकारी अन्तर्गत उक्त व्यक्तिको नाम वा नागरिकता वा पासपोर्ट नम्बर वा जन्ममिति वा पासवर्ड वा चालक अनुमती नम्बर वा तस्बिरहरू पर्दछन जसलाई प्रयोग गरेर सिमकार्ड वा अनलाइन सेवा वा सोसल मिडियामा नक्कली खाता खोल्न मिल्छ ।

**ज. बाल यौनदुराचार वा बाल अश्लील सामग्री:** बाल यौनदुराचार वा बालबालिका पीडित भएको अश्लील सामग्रीको उत्पादन वा आदानप्रदान परम्परागत अपराध हो र इन्टरनेटको विकासले यो अपराधलाई झनै विस्तृत बनाएको छ । बाल यौन दुराचार अन्तर्गत कम्प्युटर प्रणालीमार्फत वितरण गर्ने उद्देश्यले बाल यौन दुराचारसम्बन्धी सामग्री उत्पादन गर्ने, कम्प्युटर प्रणालीमा त्यस्तो सामग्री प्रस्ताव गर्ने वा उपलब्ध गराउने, कम्प्युटर प्रणालीमार्फत त्यस्तो सामग्री वितरण वा प्रसारण गर्ने, कम्प्युटर प्रणालीमार्फत आफु वा अन्य व्यक्तिका लागि त्यस्तो सामग्री प्राप्त गर्ने तथा कम्प्युटर प्रणाली वा कम्प्युटर डाटा संग्रह गर्ने उपकरणमा त्यस्तो सामग्री राख्ने लगायतका कार्यहरू पर्दछन् । अश्लील सामग्रीको उत्पादन वा वितरण वा प्रयोगलाई कानुनी मान्यता भएका देशहरूमा पनि त्यस्ता कार्यमा बालबालिकाको प्रयोग वा बाल यौनदुराचार सामग्रीलाई गम्भीर प्रकृतिको अपराध मानिन्छ ।

**झ. गैरकानुनी विषयवस्तु वा सामग्री:** गैरकानुनी विषयवस्तु भन्नाले इन्टरनेटमा प्रकाशन वा प्रसारण गर्न नहुने भनी रोक लगाइएका विषयवस्तु पर्दछन् र त्यस्तो सामग्री प्रकाशन गरेमा सजायको समेत व्यवस्था गरिएको हुन्छ ।

राष्ट्रिय कानुनका साथसाथै अन्तर्राष्ट्रिय कानुनले पनि निश्चित विषयवस्तुलाई नियमन गर्न सकिने, वा प्रसारण गर्न नहुने विषयवस्तु भनी तोकेका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा २० ले युद्धको लागि गरिने कुनै पनि प्रचार एवं भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको वकालतमा रोक लगाएको छ । साथै, महासन्धिको धारा १९ मा अरुको अधिकार वा प्रतिष्ठाको सम्मान, तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि विषयवस्तुहरू नियमन गर्न सकिने उल्लेख छ ।

नेपालको विद्युतीय कारोवार ऐन २०६३ ले पनि गैरकानुनी विषयवस्तुका बारेमा व्यवस्था गरेको छ । ऐनको दफा ४७ ले सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्न किसिमका सामग्रीहरू तथा महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने किसिमका सामग्री कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएको छ ।

परिच्छेद
४

# इन्टरनेट र कानुन


**वाक् तथा अभिव्यक्ति स्वतन्त्रता लगायतका आधारभूत मानव अधिकारहरू अनलाइनमा पनि लागू हुनुपर्छ । राज्यले इन्टरनेटबाट हुनसक्ने सुरक्षा जोखिमलाई संवोधन गर्दा वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, संगठित हुन पाउने अधिकार, गोपनीयता र अन्य मानवअधिकार संरक्षण गर्ने दायित्ववोध गरी कानुनी राजको आधारमा प्रजातान्त्रिक र पारदर्शी संयन्त्रमार्फत गर्नुपर्छ ।**

संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद

## १. अन्तर्राष्ट्रिय कानुन र नीति

इन्टरनेटको विकास कानुनको आधारमा भएको नभई इन्टरनेटको विकास पछि यसलाई नियमन र व्यवस्थित गर्नुपर्ने आवश्यकता संबोधन गर्न आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको व्याख्या र विकास भएको हो ।

इन्टरनेटलाई नै संबोधन गर्ने कुनै विशेष अन्तर्राष्ट्रिय कानुन हालसम्म विकास भएको नभए पनि इन्टरनेटसँग जोडिएका विचार तथा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयताको अधिकार, भेला हुने अधिकार र विकासको अधिकार आदि विषयमा अन्तर्राष्ट्रिय कानुनको रुपमा रहेको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू इन्टरनेटका हकमा समेत लागू हुन्छन् । उदाहरणका लागि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ मा सुनिश्चित गरिएको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार इन्टरनेटमा गरिने विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकमा समेत लागू हुन्छ ।




इन्टरनेट व्यक्ति तथा नागरिकहरूको मानव अधिकारका रुपमा रहेका विभिन्न अधिकारहरूको एक भागमा रहेको छ भने अन्य अधिकारहरूको प्रयोगमा समेत यसले महत्वपूर्ण प्रभाव पार्दछ । अन्तर्राष्ट्रिय मानव अधिकारको रुपमा रहेका विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, भेला हुने अधिकार र विकासको अधिकारसँग इन्टरनेटको निकट सम्बन्ध रहेको छ ।

### साइबर अपराधसम्बन्धी महासन्धि

युरोपेली परिषदद्वारा अनुमोदन गरी लागू गरिएको साइबरअपराधसम्बन्धी महासन्धि कम्प्युटर अपराधसम्बन्धी हालसम्मको पहिलो र एकमात्र अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धि सन् २००४ को जुलाई देखि कार्यान्वयनमा आएको हो । यसलाई बुडापेस्ट महासन्धि पनि भनिन्छ । हालसम्म ५६ राष्ट्रले अनुमोदन गरिसकेको यस महासन्धि युरोपेली राष्ट्रबाहेकका संयुक्त राज्य अमेरिका, जापान, अस्ट्रेलिया र श्रीलंका लगायतका राष्ट्रहरूले समेत अनुमोदन गरेका छन् । नेपालले यो महासन्धि अनुमोदन गरेको छैन ।

## २. राष्ट्रिय कानुन तथा नीति

### क. संविधान

नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हक अन्तर्गत प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरिएको छ । यस अन्तर्गत इन्टरनेटको प्रयोग गरेर गरिने विचार र अभिव्यक्तिको स्वतन्त्रता समेत पर्दछ । अर्थात, इन्टरनेटको प्रयोग गरेर गरिने अभिव्यक्ति स्वतन्त्रतामा पनि अनावश्यक बन्देज लगाउन पाइदैन । तर, अन्तर्राष्ट्रिय कानुन अनुसार सबै व्यक्तिका लागि उपलब्ध हुनुपर्ने विचार तथा अभिव्यक्तिको स्वतन्त्रता नेपालमा भने नागरिकका हकमा मात्र सुनिश्चित गरिएको छ ।

त्यसैगरी संविधानको धारा १९ मा सञ्चारको हक अन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाले इन्टरनेटमा प्रकाशन गरिने कुनै पनि विषयमा पूर्व प्रतिबन्ध लगाउन पाइँदैन । तर संविधानले तोकेको निश्चित विषयवस्तुहरूको प्रकाशनका बारेमा भने कानुन बनाई नियमन गर्न सकिन्छ । धारा १९ मा भएको व्यवस्था अनुसार नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता राष्ट्रियता वा संघीय एकाइवीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायवीचको सुसम्बन्धमा खलल पर्ने राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई प्रोत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन पाइन्छ ।

संविधानले गोपनीयताको हक पनि सुनिश्चित गरेको छ, जसअनुसार कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ (धारा २८) । यस धारा अनुसार व्यक्तिको इन्टरनेटमा रहेका वा इन्टरनेटका माध्यमबाट प्रेषण हुने लिखत, तथ्याङ्क तथा पत्राचार (इमेल) आदिको गोपनीयता अनतिक्रम्य हुन्छ ।

नेपालको संविधानले गोपनीयताको हक सुनिश्चित गरेको भए पनि लामो समय सम्म गोपनीयता सम्बन्धी कानुन बन्न नसक्दा यो हकको कार्यान्वयन हुन सकेको छैन । हालै मात्र आएको मुलुकी अपराध संहिता (२०७४)ले यसलाई केही हदसम्म संबोधन गर्न खोजे पनि गोपनीयताको संवैधानिक हकको कार्यान्वयनका लागि तत्काल गोपनीयता र तथ्याङ्क संरक्षण सम्बन्धी विशेष कानुन निर्माण आवश्यक छ ।

## ख. विद्युतीय कारोबार ऐन

नेपालमा इन्टरनेटको प्रयोग गरी हुने कारोवार र इन्टरनेटको प्रयोगलाई नियमन गर्नको लागि विशेष कानुनको रुपमा विद्युतीय कारोबार ऐन लागू गरिएको छ । यस ऐनको उद्देश्य विद्युतीय तथ्याङ्क आदान-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सृजना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्नु र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानुनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नु हो ।

यस कानुनले परिच्छेद ९ मा कम्प्युटरसम्बन्धी कसुरहरूको व्यवस्था गरेको छ । ऐनमा उल्लिखित केही मुख्य कसुरहरू यस प्रकार रहेका छन् ।

### (१) कम्प्युटर स्रोत सङ्केतको चोरी, नष्ट वा परिवर्तन गर्ने

कुनै व्यक्तिले कुनै कम्प्युटर, कम्प्युटर कार्यक्रम, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्कका लागि प्रयोग हुने कम्प्युटर स्रोतको सङ्केत (सोर्स कोड) लाई जानी-जानी वा बदनियत राखी चोरी गरेमा, नष्ट गरेमा, परिवर्तन गरेमा वा त्यस्तो काम गर्न लगाएमा निजलाई तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

### (२) कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच

कुनै व्यक्तिले कुनै कम्प्युटरमा रहेको कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने मनसायबाट सो कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट कुनै अख्तियारी नलिई सो कम्प्युटरको प्रयोग गरेमा वा अख्तियारी लिएको अवस्थामा पनि अख्तियारी दिइएको भन्दा भिन्न कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा निजलाई कसुरको गम्भीरता हेरी दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

### (३) कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने

कम्प्युटर सम्पदामा रहेको कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्तो सूचनाको मूल्य र प्रयोगको महत्वलाई

ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा निजलाई दुई लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

**(४) विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गर्ने**

प्रचलित कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायवीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

**(५) गोपनीयता भङ्ग गर्ने**

कुनै विद्युतीय अभिलेख, किताब, रजिष्टर, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामग्रीहरूमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब रजिष्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

**(६) कम्प्युटर जालसाजी गर्ने**

कुनै व्यक्तिले कुनै जालसाजी गर्ने वा अन्य कुनै गैरकानुनी कार्य गर्ने उद्देश्यले डिजिटल हस्ताक्षर प्रमाणपत्र सृजना गरेमा, प्रकाशन गरेमा वा अन्य व्यहोराले उपलब्ध गराएमा वा कुनै बिलको भुक्तानी रकम, कसैको खाताको बाँकी मौज्दात (ब्यालेन्स), कुनै आपूर्ति र भण्डार वा जुनसुकै बखत भुक्तानी दिने (एटीएम) कार्डमा मिलोमतो गरी वा अन्य कुनै तरिकाले जालसाजी गरी लाभ उठाएमा त्यसरी उठाएको आर्थिक लाभको बिगो कायम गरी सम्बन्धित पक्षलाई कसुर गर्नेबाट भराई त्यस्ता कसुरदारलाई एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

## ग. मुलुकी ऐन अपराध संहिता

नेपालमा फौजदारी र देवानी कसुरहरूलाई नियमन गर्ने प्रचलित मुलुकी ऐनलाई फौजदारी अपराध संहिता र देवानी संहिताले प्रतिस्थापन गर्ने भएको छ । राष्ट्रपतिबाट २०७४ असोज ३० मा प्रमाणीकरण भएको मुलुकी ऐन अपराध संहिता २०७५ साल भाद्र १ गतेबाट लागू हुनेछ । यस नयाँ अपराध संहितामा प्रचलित मुलुकी ऐनमा उल्लिखित फौजदारी कसुरहरू लगायत इन्टरनेट, कम्प्युटर तथा विद्युतीय कारोवारसँग सम्बन्धित लगायतका अन्य नयाँ कसुरहरूलाई समेत समावेश गरिएको छ

### (१) अश्लील प्रकाशन र प्रचार प्रसार

मुलुकी ऐन अपराध संहिता, २०७४ को परिच्छेद ५, दफा १२१ मा अश्लील प्रकाशन र प्रचार प्रसारका बारेमा व्यवस्था गरिएको छ । उक्त दफा अनुसार कसैले पनि शारीरिक कामोत्तेजना बढाउने वा काम वासनामा आशक्त गराउने वा चरित्रहीन बनाउने कुनै अश्लील किताब, पर्चा रेखाचित्र, चलचित्र, तस्बिर रेकर्ड वा अरु कुनै वस्तु बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्नु हुदैन। त्यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजायको व्यवस्था गरिएको छ।

### (२) यौन दुर्व्यवहार

मुलुकी ऐन अपराध संहिता, २०७४ को परिच्छेद ५, दफा २४४ मा यौन दुर्व्यवहारसम्बन्धी व्यवस्था गरिएको छ । यस प्रावधानले प्रत्यक्षरुपमा (अफलाईन) मा हुने दुर्व्यवहारका साथसाथै अनलाइन (इन्टरनेट) मा हुने दुर्व्यवहारहरूलाई समेत समेटेको छ। जसअनुसार, कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी विना ... अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्बिर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा यौन दुर्व्यवहार गरेको मानिनेछ। कसैले यौन दुर्व्यवहार गरेको पाइएमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुन्छ।

### (३) किर्ते गर्ने र झुट्ठा लिखत बनाउने

अपराध संहिताले विद्युतीय माध्यमबाट हुने किर्ते र झुट्टा लिखत बनाउने कार्यलाई पनि समेटेको छ। संहिताको दफा २७६ का अनुसार सर्वसाधारण वा कसैलाई कुनै हानि, नोक्सानी वा क्षति पुर्याउने वा आफू वा कसैलाई कुनै लाभ पुर्याउने नियतले कुनै झुट्ठा लिखत वा झुट्ठा विद्युतीय अभिलेख वा लिखत वा विद्युतीय अभिलेखको झुट्ठा अंश वा भाग बनाउने कामलाई किर्ते हो भने कुनै अधिकारी वा व्यक्तिले लिखत बनाएको, लेखेको वा सहीछाप नगरेको अवस्थामा त्यस्तो अधिकारी वा व्यक्तिले लिखत बनाएको, लेखेको वा सहिछाप गरेको हो भन्ने विश्वास पार्ने किसिमबाट बेइमानीपूर्वक लिखत वा त्यसको अंश तयार गर्ने, विद्युतीय अभिलेख तयार गर्ने वा पठाउने, विद्युतीय अभिलेखमा डिजिटलहरू संरक्षण गर्ने र विना अधिकार वा वेइमानीपूर्वक कुनै लिखत वा विद्युतीय अभिलेखमा कुनै कुरा थपी, मेटी, केरी, परिवर्तन गरी वा अन्य कुनै किसिमबाट व्यहोरा फरक वा नबुझिने पार्ने कार्यहरू झुट्ठा लिखत बनाउने कार्य हुन् ।

### (४) अर्काको कुरा सुन्ने वा ध्वनि अङ्कन गर्नु

कसैले दुई वा दुईभन्दा बढी व्यक्तिहरूका वीचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरूको मञ्जुरी विना कुनै यान्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनि अङ्कन गरेमा गोपनीयताको हक विरुद्धको कसुर हुन्छ। त्यस्तो कसुर

गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ । (दफा २९३)

### (५) अनुमति विना तस्बिर खिच्नु वा तस्बिरको स्वरुप बिगार्नु

अपराध संहिताले अनुमति विना कसैको तस्बिर खिच्न तथा त्यसरी खिचेको तस्बिरमा अरु कसैको तस्बिर राखी अर्को तस्बिर बनाउनमा समेत रोक लगाएको छ । त्यस्तो काम गरेमा गर्ने व्यक्ति वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । त्यसैगरी कुनै एक व्यक्तिको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्बिर बनाउन वा प्रकाशन गर्नु पनि फौजदारी अपराध हो । यस्तो काम गरेमा कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

### (६) विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्नु

गोपनीयतासम्बन्धी छुट्टै कानुन बनि नसकेको अवस्थामा अपराध संहिताले विद्युतीय माध्यमबाट गोपनीयता भङ्ग गर्ने कार्यलाई समेत समेटेको छ । अपराध संहिताको दफा २९८ अनुसार विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृत रुपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्नु वा अनधिकृत रुपमा कसैलाई हस्तान्तरण गर्नु वा गराउनु फौजदारी कसुर हो । त्यस्तो कार्य गरेमा कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

### (७) छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्नु

आफ्नो परिचय दिई वा नदिई कसैलाई छल्ने, धोका दिने, हैरानी पार्ने वा सताउने उद्देश्यले छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न गराउनु फौजदारी कसुर हो । यस्तो कार्य गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

### (८) हैरान पार्ने वदनियतले चिठ्ठी पत्र लेख्नु

कुनै व्यक्तिले कसैलाई डर, त्रास वा दुःख वा हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिठ्ठी पत्र वा अन्य कुनै किसिमको लिखत पठाउने वा विद्युतीय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने लगायतको अनुचित काम गर्नु वा गराउनु हुँदैन । त्यस्तो कुनै कार्य गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

### (९) बेइज्जती गर्नु

अपराध संहिताले कसैको वेइज्जती गर्ने कार्यलाई कसुरको रुपमा राखेको छ भने विद्युतीय वा अन्य आम सञ्चार माध्यमबाट भएको बेइज्जतीमा थप सजायँ समेतको व्यवस्था गरेको छ । संहिताको

दफा को दफा ३०६ को व्यवस्था अनुसार लेखेर, आचरण वा आकार वा चिह्न वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट कसैको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी बेइज्जत गरेमा वा त्यस्तो कुरा प्रचार, प्रसार वा प्रकाशन गरेमा वा त्यस्तो कुनै सामग्री जानीजानी बिक्री वा बितरण गरेमा वा गराएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । साथै विद्युतीय वा अन्य आम सञ्चारका माध्यमबाट बेइज्जती गरे वा गराएको भएमा थप एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुन्छ ।

## घ. मुलुकी ऐन  देवानी संहिता

मुलुकी ऐन देवानी संहितामा गोपनीयताको अधिकारका निश्चित प्रकारका अतिक्रमणलाई देवानी कसुरका रुपमा व्यवस्था गरिएको छ । संहिताको दफा २१ मा कानुन बमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरी नलिई निजको बासस्थानमा प्रवेश गरेमा, कसैको चिठ्ठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वनिको टेप वा रेकर्ड गरेमा वा सुनेमा, कुनै व्यक्तिको निजी जीवनको व्यवहार, आचरणको चियो चर्चा, प्रकाशन, प्रसारण वा प्रचार गरेमा, वा कसैको आकृति वा तस्बिर खिचेमा, वा अरूको नाम, आकृति, तस्बिर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण हुन्छ ।

## ङ. बालबालिका सम्बन्धी ऐन

बालबालिका सम्बन्धी ऐन (२०४८) को दफा १६ अनुसार कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुँदैन र यस्तो कार्य गर्ने, काम गर्न प्रोत्साहन दिने वा काम गर्ने उद्योग गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

## च. गाली र बेइज्जती ऐन, २०१६

कसैले कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले लेखेर वा वचनले वा सङ्केतले वा बुझिने गरी आकार चिन्हद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिनेछ । यसका साथै यदि कसैले जानाजान कसैको चरित्र हत्या गर्न वा अनुचित लान्छना लगाउने नियतले दोष लगाएमा वा प्रचार प्रसार गरेमा पनि बेइज्जती गरेको ठहर्न सक्नेछ । बेइज्जतीको कसुर गर्ने व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरिवाना र दुई वर्षसम्म कैदको सजाय हुन सक्छ । यस कानुनमा स्पष्ट रुपमा इन्टरनेटमा प्रकाशन गर्ने उल्लेख नभएको भएता पनि यसले इन्टरनेटमा गरिने प्रकाशन समेतलाई समेट्छ ।

## छ. प्रतिलिपि अधिकार ऐन, २०५९

प्रतिलिपि अधिकार ऐन पनि इन्टरनेट र इन्टरनेटको विषयवस्तुको नियमनसँग सम्बन्धित कानुन हो । यस कानुनले प्रतिलिपि अधिकार लागू हुने रचनाअन्तर्गत साहित्य, कला, ज्ञान-विज्ञान र अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रुपले प्रस्तुत गरिएका रचनामा पर्ने उल्लेख गर्दै कम्प्युटर प्रोग्रामलाई रचनाको रुपमा समेटेको छ । त्यसैगरी यस कानुनले किताब, पर्चा, लेख, शोधपत्र, शब्द सहित वा शब्द रहित सांगीतिक रचना, श्रव्य दृश्य रचना, फोटोजन्य रचना लगायतका रचनालाई पनि प्रतिलिपि अधिकार लागू हुने रचनाको रुपमा समेटेको छ। तसर्थ इन्टरनेटमा रचयिताद्वारा राखिएका यस्ता सामग्रीहरू पनि प्रतिलिपि अधिकार ऐनअन्तर्गत पर्दछन् । यस कानुन अनुसार कम्प्युटर प्रोग्राम वा कम्प्युटर/इन्टरनेटमा रहेको अन्य प्रतिलिपि अधिकार संरक्षित रचनाहरूको व्यावसायिक प्रयोजनका लागि अवैध प्रयोग गरेमा वा अवैध प्रयोगका लागि उपलब्ध गराएमा प्रतिलिपि अधिकार संरक्षण ऐन अनुसार कारवाही हुन्छ ।

## ज. विद्युतीय आर्थिक कारोवारसम्बन्धी नियमहरू

इन्टरनेटसँग जोडिएका कानुनी पक्षमा विद्युतीय आर्थिक कारोवारसम्बन्धि नियमहरू पनि पर्दछन् । यस सम्बन्धमा नेपालमा नेपाल राष्ट्र बैंकले विभिन्न नीति, नियम तथा निर्देशनहरू जारी गरेको छ । नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको भुक्तानी तथा फछ्र्यौट नियमावली, २०७२ ले विद्युतीय वित्तीय कारोबार एवं भुक्तानी प्रणाली नियमन गर्दछ। यस विनियमावलीले विद्युतीय रकम, विद्युतीय चेक र विद्युतीय बैंकिगका बारेमा व्यवस्था गरेको छ भने २०७३ माघ १७ गते जारी गरेको निर्देशनले इन्टरनेट, टेलिफोन (ल्याण्डलाईन, मोबाइल) र एसएमएस मार्फत हुने बैंकिग कारोबारका सम्बन्धमा व्यवस्था गरेको छ। त्यसैगरी २०७३ माघ १७ गते नै जारी भएको निर्देशनले विद्युतीय भुक्तानी सेवा प्रदान गर्दा अपनाउनु पर्ने सुरक्षा व्यवस्थाका बारेमा उल्लेख गरेको छ। नेपाल राष्ट्र बैंकद्वारा जारी यी नियमावली तथा निर्देशनहरूले मोबाइल वालेट र डिजिटल वालेटजस्ता विद्युतीय खाता र विद्युतीय पैसाको कारोबारलाई पनि समेटेका छन् ।

परिच्छेद

५

# इन्टरनेटको सुरक्षित प्रयोग

**भयले सुरक्षालाई प्रभावकारी बनाउँछ।**

- विलियम सेक्सपियर, साहित्यकार

## १. सुरक्षित इन्टरनेट

इन्टरनेट हतियार हो जसलाई उपयोग गर्न सके यो वरदान हो भने यसको गलत प्रयोग गर्दा जीवन बर्वाद पनि हुन सक्छ। इन्टरनेट र यो प्रविधिसँग जोडिएका सेवाहरु प्रयोग गर्दा सचेत हुन सकिएन भने यसले हाम्रो दैनिक जीवनमा दूरगामी असरहरु ल्याउनसक्छ र यो श्राप साबित हुन सक्छ। सुरक्षित रुपमा इन्टरनेट प्रयोग गर्दा यसबाट अन्जानमा दुरुपयोग वा अपराधहरु हुने संभावना कम हुन्छ। इन्टरनेटलाई सुरक्षित रुपमा प्रयोग गर्ने डिजिटल सुरक्षाको ज्ञान र सिपले नै यसलाई हाम्रो जीवन उपयोगी साधन बनाउने हो।

प्रविधिले जीवन सहज बनाउँछ तर यो अपराधहरूमा पनि प्रयोग हुन सक्छ। अपराध गर्नेहरूका लागि पनि यसले सहजता ल्याएको छ। उदाहरणका लागि  यौन दुर्व्यवहारी वा महिला बेचविखन गर्ने जस्ता अपराध गर्नेहरूका लागि सजिलै परिचय लुकाएर बालबालिका वा महिलासँग साथीभाइजस्तो सम्बन्ध स्थापित गर्ने, उनीहरूको कमीकमजोरी पत्ता लगाउने र फसाउने कार्यहरू समेत सहज र गोप्य बनाएको छ। अभिभावक वा सचेत बनाउन सक्ने व्यक्तिहरूको जानकारीबिना नै कोही बालबालिका वा युवाहरू कोही अपराधीको जालमा फसिसकेको हुनसक्छ।

## २. डिजिटल सुरक्षा



इन्टरनेटको सुरक्षित प्रयोग गर्न भनेको डिजिटल सुरक्षाको लागि लिईने सावधानी अपनाउनु हो। ल्यापटप र मोबाइल जस्ता इलेक्ट्रोनिक उपकरणहरू, त्यसमा रहेका तथ्याङ्कहरू र इन्टरनेटमार्फत हुने सञ्चार सन्देशको सुरक्षाका उपायहरू डिजिटल सुरक्षा  हो। इन्टरनेटमा सुरक्षित रहने उपायका कुरा गर्दा ल्यापटप वा मोबाइल फोन जस्ता उपकरणको

सुरक्षाको कुरा पनि महत्वपूर्ण हुन्छ, किनभने तिनीहरूमा धेरै सूचना वा सामग्री रहेका हुन्छन जुन सजिलै चोर्न, ह्याक गर्न वा बिगार्न सकिन्छ। कसैका बारेमा सूचना चाहनेका लागि सबैभन्दा सजिलो माध्यम नै हाम्रा उपकरण वा सोसल मिडिया हुन सक्छ। आधारभूत डिजिटल सुरक्षाका लागि आवश्यक अभ्यासहरू निम्न छन्:

## सुरक्षा सूत्र १: कम्प्युटर र मोबाइललाई भाइरसबाट सुरक्षित राख्ने

कम्प्युटर भाइरसले कम्प्युटर वा मोबाइलमा आक्रमण गरी क्षति पुऱ्याउन वा सूचना चोरी वा नष्ट गर्न सक्छ। एन्टीभाइरस प्रयोग गरेर पत्ता लागिसकेका भाइरसहरूबाट कम्प्युटर र मोबाइललाई सुरक्षित राख्न सकिन्छ। व्यक्तिगत प्रयोगका लागि धेरैजसो एन्टीभाइरसहरू (जस्तै एभास्ट, एभीजी, अभिरा र बिटडिफेन्डर) निशुल्क उपलब्ध छन्। नचिनेका इमेलमा आएका फाइलहरू खोल्दा, अरु कम्प्युटरमा प्रयोग भएका पेन ड्राइभ वा मेमोरी कार्ड प्रयोग गर्दा वा इन्टरनेटबाट डाउनलोड गरेका फाइलहरूबाट भाइरस सर्ने संभावना बढी हुन्छ त्यसैले ती कार्यहरू गर्दा सावधान हुनुपर्छ। एउटै उपकरणमा एकभन्दा बढी एन्टीभाइरस भने प्रयोग गर्नु हुँदैन, एन्टीभाइरसलाई नियमित रुपमा अद्यावधिक गर्नुपर्छ र नियमित रुपमा एन्टीभाइरसलाई कम्प्युटर परीक्षण (स्क्यान) गर्न दिनुपर्छ।

## सुरक्षा सूत्र २: पासवर्ड सुरक्षित राख्ने

कम्प्युटर वा मोबाइल वा इमेल वा सोसल मिडियाका पासवर्डहरू राम्रो राख्ने र अरुलाई नभन्ने गर्दा डिजिटल सुरक्षा बढ्छ। सामान्यतया मानिसले अनुमान गर्नसक्ने, उदाहरणका लागि, आफ्नो श्रीमान वा श्रीमतीको नाम, छोराछोरीको नाम वा मोबाइल नम्बर पासवर्डका रुपमा प्रयोग नगर्नुहोस। अक्षर, अङ्क, चिन्हहरू मिलाएर बनाइएको पासवर्ड अनुमान गर्न तथा कम्प्युटर कार्यक्रमहरू प्रयोग गरेर पत्ता लगाउन कठिन हुन्छ। तसर्थ पासवर्ड बनाउदा अक्षर (ठूला र साना मिसाएर), अङ्क तथा चिन्हहरू प्रयोग गरेर बनाउनु पर्छ। पासवर्ड व्यक्तिगत हुन्छ यसर्थ कसैलाई पनि पासवर्ड भन्नु वा कहीं लेखेर राख्नु राम्रो होइन। ब्राउजरहरूमा पासवर्ड सेभ गर्नु हुदैन किनभने त्यसरी सेभ गरिएका पासवर्डहरू हेर्न सकिन्छ।

आजकल इमेल र सोसल मिडियामा 'टु-स्टेप भेरिफिकेसन' सुविधा उपलब्ध छन्। यो भनेको नयाँ उपकरण वा स्थानबाट इमेल वा सोसल मिडियामा पासवर्ड हालिसकेपछि आफ्नो मोबाइलमा एसएमएस आएको अङ्क हालेपछि मात्रै इमेल वा सोसल मिडिया खुल्ने प्रक्रिया हो। हेर्दा झन्झटिलो भए पनि यसले बलियो सुरक्षा दिन्छ र कसैले पासवर्ड थाहा पाएर प्रयोग गर्न खोजे पनि जानकारी प्राप्त हुन्छ।

## सुरक्षा सूत्र ३: इमेलमा आएका लिङ्क वा फाइलमा सावधानी

इमेल वा मेसेन्जरमा आएका लिङ्क र फाइलहरू खतरनाक हुन सक्छन। कुनै पनि नचिनेका मान्छेहरूबाट आएका इमेलमा आएका लिङ्क र फाइलहरू खोल्दा विशेष सावधानी अपनाउनु पर्छ। नखोले पनि हुन्छ वा मेटिदिएपनि हुन्छ भने त्यसो गर्नु नै उचित हुन्छ। खोल्नैपर्ने अवस्थामा

फाइलहरूलाई डाउनलोड गरेर एन्टीभाइरसले परिक्षण गरेर पक्का भएपछि मात्रै खोल्ने र लिङ्क हो भने त्यसलाई कपी गरेर अर्को ब्राउजर (जुन ब्राउजरमा तपाईंका इमेल वा सोसल मिडिया खुलेका हुदैनन्) मा लगेर खोल्नु सुरक्षित उपाय हो । मेसेन्जरमा आउने भिडियो वा लिङ्कहरूबाट पनि सावधान हुनुपर्छ ।

इमेल ठेगाना वा लिङ्क वा फाइल सबै झुक्किने गरी बनाउन सकिन्छ भने झट्ट हेर्दा शून्य र अंग्रेजी वर्णमालाको ओ वा एल र एक अङ्क उस्तै देखिन्छ । लिङ्कहरूपनि हेर्दा एक  थिचेर अन्तै जान मिल्ने गरी बनाउन सकिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा चाहि इमेल वा सोसल मिडियामा कुनै लिङ्क खोल्दा लगआउट भयो र पासवर्ड माग्यो भने कहिल्यै पनि फेरी पासवर्ड हाल्नुहुदैन । पासवर्ड हाल्ने सुरक्षित तरिका भनेको आफैले इमेल वा सोसल मिडियाको वेब एड्रेस लेखेर थिच्दा आएको पानामा मात्रै हो ।

## सुरक्षा सूत्र ४: इन्टरनेट चलाउँदाका सावधानी

इन्टरनेट साधारणतया गोप्य हुँदैन; तर केही गोप्यता राख्न सकिन्छ । इन्टरनेट चलाउँदा ब्राउजरले कतिबेला के के चलायो भन्ने इतिहास राख्छ भने गुगलले पनि यसका सेवाहरू जस्तै जीमेल वा युट्युब चलाउँदाको इतिहास राख्छ । ती इतिहास हेरेर जो कोहीले पनि तपाईंले इन्टरनेटमा के के हेर्नुभयो भन्ने कुरा थाहा पाउन सक्छ । त्यसैले समय समयमा ब्राउजरको इतिहास मेट्नु पर्छ । सोसल मिडियाका गोप्यतासम्बन्धी सेटिङ पुनरावलोकन र आवश्यकता अनुरुप परिवर्तन गर्नुपर्छ ।

साइबर क्याफे वा कार्यालय वा अरुको कम्प्युटर वा ल्यापटपबाट इन्टरनेट चलाउँदा विशेष सावधान हुनु जरुरी छ । ब्राउजरमा इनभिजिबल वा इनकगनिटो वा प्राइभेट मोड भनिने सेवा प्रयोग गरी चलाउँदा त्यसले इतिहास राख्दैन र तपाईंको गोप्यतालाई केही हदसम्म सुरक्षित गर्छ । त्यस्ता ठाँउमा इन्टरनेट चलाइसकेपछि लगआउट गरेर ब्राउजर बन्द गरेर मात्रै छोड्नु उपयुक्त हुन्छ । बेवएड्रेसमा https:// नदेखिइ http:// मात्रै देखिएको अवस्थामा आफ्ना पासवर्ड वा अन्य व्यक्तिगत सूचनाहरू नराख्नु नै उपयुक्त हुन्छ ।

## सुरक्षा सूत्र ५: मोबाइल फोनमा सावधानी

विकिलिक्सका संस्थापक जुलियन असान्जले घतलाग्दो र मननयोग्य कुरा भनेका छन् - "मोबाइल फोन एउटा ट्र्याकिङ उपकरण हो जसबाट फोन पनि गर्न मिल्छ" । मोबाइल फोन प्रयोगकर्ताका स्थान स्थिति, कल गरिएको नम्बर र कुरा गरेको समय, इन्टरनेट जोडिएको अवस्था र एसएमएस पठाएको नम्बर र सन्देश फोन प्रदायक कम्पनीमा स्वतः सामान्यतया ६ महिनासम्म रहन्छ भने मोबाइल फोनमा हाम्रा धेरै सूचना, जानकारी मात्रै होइन पासवर्ड हालेर खुलेका अवस्थाका इमेल र सोसल मिडियाहरू हुन्छन्, यसर्थ मोबाइल फोनको सुरक्षा महत्वपूर्ण छ ।

मोबाइल फोनको सुरक्षाका लागि पासवर्डले लक गर्नु आधारभूत सुरक्षा हो । ४-अङ्क वा औंलाको आकार कमजोर हुन्छन । फोनमा भएका संवेदनशील सूचना मेट्नु नै ठिक हुन्छ भने फोनमा भएको इन्क्रिप्सन राख्नु ठिक हुन्छ ।

### सुरक्षा सूत्र ६: महत्वपूर्ण फाइलका प्रतिलिपि

कम्प्युटरमा रहेका तथ्याङ्क वा फाइलहरू कुनै पनि बेला नष्ट हुन सक्छन वा भाइरसले आक्रमण गर्न सक्छ । त्यसले गर्दा कम्प्युटरमा रहेका महत्वपूर्ण फाइलहरूको प्रतिलिपि कम्प्युटरबाहिरको कुनै यन्त्र (जस्तै पेन ड्राइभ वा हार्ड डिस्क वा सिडी) मा राख्नु उपयुक्त हुन्छ । गोप्य राखिनुपर्ने कुराहरू जस्तै एसएमएस वा मेसेन्जरका सन्देशहरू वा इमेल वा तस्विरहरू पढिसकेपछि पुन आवश्यकता पर्दैन भने मेट्नुपर्छ । (केही प्रयोगात्मक चरणहरू 'परिशिष्ट ग' मा छन्)

## ३. इन्टरनेटका जोखिमबाट सुरक्षा

इन्टरनेटबाट हुनसक्ने संभावित जोखिमबाट सुरक्षाका लागि प्राविधिक सुरक्षा उपायहरूले मात्रै पुग्दैन । पूर्ण सुरक्षाका लागि सुरक्षितरुपमा प्रयोग गर्ने र संभावित जोखिमबाट जोगिने उपायहरू अवलम्वन गर्नुपर्छ । ती उपायहरू भनेको प्रयोग गर्दाका सावधानीहरू र यसका जोखिमहरूका बारेमा जानकारी राखेर गरिने उचित अभ्यासहरू हुन् । सुरक्षित अभ्यासका लागि केही सामान्य लाग्ने तर प्रभावकारी उपायहरू यसप्रकार छन् :

**क. इन्टरनेटका बारेमा छलफल:** इन्टरनेट प्रयोगमा के के भइरहेछ वा यसका जोखिम एवं सुरक्षित प्रयोगका बारेमा परिवारका सदस्यहरूवीच नियमित छलफल भइरह्यो भने ज्ञान पनि आदानप्रदान हुन्छ र खतरा पनि कम हुन्छ । विशेषगरी बालबालिकाहरूले कम्प्युटर र इन्टरनेटका बारेमा आमाबुबा वा अभिभावक वा शिक्षकहरूसँग छलफल गर्ने वातावरण सिर्जना हुनुपर्छ । अभिभावकहरू 'मलाई थाहा छैन' भनेर पन्छनु भन्दा त्यो विषयमा पढेर वा जानकारसँग सोधेर वा जानकारी हासिल गरेर बालबालिकालाई सिकाउनु र छलफलमा सहभागी हुनुपर्छ ।

**ख. बैठक कोठामा कम्प्युटर:** घरमा सबैको पहुँच भएको स्थानमा कम्प्युटर राख्दा एकान्तमा प्रयोग गर्ने 'शयनकक्ष संस्कृति'बाट जोखिन सकिन्छ । त्यस्तो स्थानमा कम्प्युटर राखेर प्रयोग गर्दा यसको अनुचित प्रयोग हुने संभावना कम हुन्छ ।

**ग. इन्टरनेट प्रयोगको नियम:** घरमा सबैले इन्टरनेट वा मोबाइल प्रयोगको नियम बनाएर लागू गर्नुपर्छ । यस्तो नियमहरू बनाउँदा इन्टरनेटमा गरेका कामहरूका बारेमा कुरा गर्ने, बेलुकी निश्चित समयपछि इन्टरनेट बन्द गर्ने, इन्टरनेट वा सोसल मिडियामा राख्न हुने नहुने सामग्रीहरू निश्चित

गर्ने, कुनै शंकास्पद वा नरमाइलो अनुभव भएमा भन्ने, इन्टरनेटबाट डाउनलोड गर्न हुने नहुने सामग्रीहरू र प्रयोग गर्ने समयका बारेमा जानकारी राख्नुपर्दछ ।

**घ. इन्टरनेटका साथी:** इन्टरनेट मार्फत परिचय भएका साथीहरूसँग कुरा गर्दा आफ्ना व्यक्तिगत कुराहरू नगर्ने, आपत्तिजनक कुरा वा तस्बिरहरू आदानप्रदान नगर्ने र भेट्दा सार्वजनिक स्थान छान्ने गर्नुपर्छ । बालबालिकाहरूलाई अपरिचित मानिसहरूसँगका सम्बन्धका बारेमा विशेष रुपमा सचेत हुन सिकाउनुपर्छ ।

**ङ. डिजिटल डिटक्स:** कुनै निश्चित समयका लागि इन्टरनेट र विद्युतीय उपकरणबाट टाढा बस्ने अभ्यास डिजिटल डिटक्स हो । यसलाई डिस्कनेक्ट टू रिकनेक्ट (पुनर्सम्बन्धका लागि सम्बन्ध विच्छेद) पनि भनिन्छ । इन्टरनेटको ज्यादा प्रयोग वा कुलतले ल्याउने प्रभावहरू जस्तै तनाव र एकाँकीपनबाट बचाएर सामाजिक जीवनलाई पुनर्जीवन दिनका लागि आजको युगमा यो अत्यावश्यक मानिन थालेको छ । यसलाई ध्यानसँग तुलना गर्न सकिन्छ । डिजिटल डिटक्स गर्न सामान्यतया एक हप्ताको समय ठिक हुन्छ तर हप्तैभरी इन्टरनेट हेर्नै हुन्न भन्ने होइन, खाली प्रयोग कम गर्ने र प्रकृतिसँग नजिक हुने अभ्यास हो । यो समयमा इन्टरनेट सुरक्षाका लागि गर्नैपर्ने अभ्यासहरू पनि गर्न सकिन्छ । (उदाहरणका लागि एकहप्ते डिजिटल डिटक्स अभ्यासको नमुना "परिशिष्ट घ" मा समावेश गरिएको छ ।)

# ४. अभिभावक र शिक्षकको भूमिका

सुरक्षित इन्टरनेट प्रयोगका अभ्यासहरू सकेसम्म सानो उमेरदेखि सिकाउन सकियो भने प्रभावकारी हुन्छन जसका लागि अभिभावक र शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । अभिभावक र शिक्षकहरूले इन्टरनेट प्रयोगसम्बन्धी बालबालिकालाई गर्न हुन्न भनेका कुराहरू आफूले पनि पालन गर्नुपर्छ । बालबालिकालाई राती इन्टरनेट चलाउन हुन्न भन्ने तर आफू चलाउने अथवा उनीहरूलाई धेरै फोटो नहाल्नु भन्ने तर आफु भने धेरै फोटोहरू हाल्ने गर्नु हुदैन ।

इन्टरनेट नयाँ प्रविधि हो र अभिभावक वा शिक्षक भन्दा पहिले बालबालिकाले यसका कतिपय कुराहरू खेल्दा खेल्दै वा साथीहरूमार्फत सिक्न सक्छन । बालबालिकाले के के गर्छन वा चलाउछन भनेर जान्ने र त्यसका बारेमा ज्ञान हासिल गरेर उनीहरूलाई जोखिम र सुरक्षित हुने उपायका बारेमा जानकारी दिने कार्य अभिभावक र शिक्षकको हो । ज्ञान हासिल गर्नका लागि इन्टरनेट नै सबैभन्दा सजिलो माध्यम हुन्छ । बालबालिका र इन्टरनेट सुरक्षासम्बन्धी अभिभावक र शिक्षकलाई समाचार र सुझावहरू दिने थुप्रै वेबसाइटहरू छन् ।

अभिभावक र शिक्षकको अर्को कर्तव्य भनेको बालबालिकामा आएका परिवर्तनहरू नियाल्नु पनि हो । इन्टरनेट जोखिममा मात्रै होइन अन्य खालको उत्पीडनमा परेका बालबालिकाहरूले यस्ता लक्षणहरू देखाउन सक्छन जुन अभिभावक र शिक्षकले सजिलै थाहा पाउन सक्छन । सामान्यतया इन्टरनेटमा छिनछिनमा बस्नुपर्ने, निदाउन गाह्रो हुने वा दुस्वप्न देख्ने, आत्मबलमा कमी, पढाइ र खेलकुदमा घट्दो रुचि, सामाजिक जमघटमा कम रुचि, विद्यालय जान अरुचि, एकोहोरो हुनेका साथसाथै अचानक इन्टरनेट वा मोबाइल चलाउन छोड्ने जस्ता लक्षणहरू देखाएमा बालबालिकासँग तुरुन्तै बसेर कुराकानी गर्नुपर्दछ ।

कम्प्युटर सुरक्षाका उपायहरू अबलम्बन गर्दा बालबालिकाको अगाडि उनीहरूलाई त्यसका बारेमा जानकारी दिदै गर्न सकियो भने उनीहरूले पनि सिक्छन । विशेषतस् मेसेन्जरमा गफ गर्दा वा क्यामरा प्रयोग गरेर गफ गर्दा बालबालिकालाई पनि हेर्न दिनुपर्छ र उनीहरूले गर्दा पनि आफूले याद गर्नुपर्छ ।

**समग्रमा बालबालिकालाई इन्टरनेटबाट हुने जोखिम न्यूनीकरण गर्न अभिभावक र शिक्षकले गर्नुपर्ने कार्यहरू यसप्रकार छन्:**

- इन्टरनेट प्रयोग र अनुभवका बारेमा बालबालिकासँग नियमित छलफल गर्ने ।
- इन्टरनेट र सोसल मिडियाका साथसाथै जोखिम र सुरक्षित रहने तरिकाहरूबारेमा ज्ञान हासिल गर्ने ।
- इन्टरनेट र मोबाइल प्रयोगका सम्बन्धमा अभिभावक र बालबालिकालाई मान्य हुने सामान्य नियमहरू बनाउने र पालना गर्ने ।
- इन्टरनेटको प्रयोग गोप्यरुपमा नगरी बालबालिकाको अगाडि गर्ने र उनीहरूले प्रयोग गर्दा पनि सँगै रहने ।
- इन्टरनेटबाट हुन सक्ने जोखिमहरूका बारेमा बालबालिकालाई बताउने ।
- बालबालिकाको व्यवहार परिवर्तनमाथि विशेष निगरानी राख्ने र परिवर्तन देखिएमा कुराकानी गर्ने ।
- इन्टरनेटमा बालबालिकालाई के के सूचनाहरू दिनु हुदैन र कस्ता कस्ता फोटो राख्नु हुदैन भन्ने सिकाउने ।
- सोसल मिडियामा बालबालिकाहरूको साथी बन्ने वा उनीहरूले प्रोफाइल नियमित हेर्ने ।
- बेला बेलामा बालबालिकाले चलाएका कम्प्युटर वा ल्यापटप वा मोबाइल चलाएर उनीहरूले हेरेका साइटहरू वा गरेका कामहरूका बारेमा जानकारी लिने ।
- वर्षको २ देखि ४ पटक बालबालिका र अभिभावकले संयुक्तरुपमा डिजिटल डिटक्सको अभ्यास गर्ने ।

परिच्छेद
६

# इन्टरनेट र विद्यालय शिक्षा

**संसार परिवर्तन गर्न सक्ने सबैभन्दा शक्तिशाली हतियार शिक्षा हो ।**

- नेल्सन मण्डेला, रङ्गभेद विरोधी नेता

## १. पाठ्यक्रममा इन्टरनेट शिक्षा

शिक्षाका लागि इन्टरनेट बहुउपयोगी छ। यसले शिक्षालाई सहज र प्रभावशाली बनाउन मात्र होइन, विद्यालयहरूलाई आधुनिक र सूचना स्रोतयुक्त बनाउन पनि मद्दत गर्छ। विद्यार्थीहरूलाई इन्टरनेट प्रविधिको सही प्रयोग सिकाउन सकियो भने यसले उनीहरूको ज्ञान र सिपलाई विकास गर्न एवं प्रतिस्पर्धात्मक रुपमा उत्कृष्ट शिक्षा हासिल गर्न सहयोग गर्छ।

नेपालको औपचारिक शिक्षा प्रणालीअन्तर्गत कम्प्युटर र सूचना प्रविधि तथा इन्टरनेट प्रणाली जस्ता विषयमा पाठ्यक्रमहरूमा रहेका सामग्रीको अवस्था अध्ययनगरी इन्टरनेट तथा सो को सुरक्षित प्रयोगका सम्बन्धमा के कस्तो उल्लेख गरिएको छ, त्यसको विश्लेषण गर्न फ्रिडम फोरम नेपालले एक अध्ययन गरेको थियो।

सो अध्ययनमा कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा तह तथा कक्षा ९ र १० माध्यमिक तह एवं कक्षा ११ र १२ उच्च माध्यामिक (हाल माध्यमिक तह) को समग्र पाठ्यक्रममा सूचना प्रविधि, कम्प्युटर र इन्टरनेटसँग सम्बन्धित विषयको खोजी गरिएको छ। मूलतः कम्प्युटर विषयसँग सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित सो अध्ययनमा अनिवार्य नेपाली, अंग्रेजी, विज्ञान, सामाजिक शिक्षा, प्रविधि, पेशा व्यवसाय र पत्रकारिता जस्ता विषयहरूसँग सम्बन्धित पाठ्यक्रम एवं पाठ्यपुस्तकमा हुनसक्ने इन्टरनेट र अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विषय पनि नछुटोस भनेर ध्यान दिइएको छ।

अध्ययनले कम्प्युटर र इन्टरनेट शिक्षा प्रविधिमुखी देखिएको र यसमा दर्शन, विज्ञान र सचेतनाको पक्ष नभएको देखाएको छ। यसो गर्दा सजिलो, कम खर्चिलो र व्यापक उपयोगी कम्प्युटर र इन्टनेटको सदुपयोगतर्फ विद्यार्थीहरूलाई किशोर उमेरबाटै सही दिशाबोध हुन नसक्ने निष्कर्ष निकालेको छ।

कम्प्युटर र इन्टरनेट शिक्षालाई गणित र विज्ञान विषयमा एकाकार गरेर यसको प्रविधि, प्रणाली र विकासक्रमका बारेमा शिक्षा दिने र अन्य विषयहरूमा यसलाई शिक्षाका साधनमा रुपमा प्रयोग गर्नुपर्ने देखिन्छ । कम्प्युटर प्रविधि र इन्टरनेट प्रणाली आधुनिक अतिरिक्त उपकरण (साधन) मात्र हुन्, साध्य होइनन् । त्यसैले यस्ता उपकरणहरूको दुरुपयोग हुन नदिन प्रविधि, उपयोग र सचेतना शिक्षालाई अलग अलग खण्डमा राखेर पढाउन र अभ्यास गराउन पर्ने सो अध्ययनको विश्लेषण छ। कम्प्युटर तथा इन्टरनेटको सामाजिक उपयोगिताको विषय चाहि सामाजिक शिक्षा, नैतिक शिक्षा र भाषाआदिको विषय भएकोले तिनको पाठ्यक्रममा एकीकृत अंशहरू समावेश गरेर शिक्षा प्रदान गर्दा विद्यार्थीहरूले दुरुपयोग होइन, सदुपयोग गर्ने अध्ययनको निष्कर्ष छ ।

## २. पाठ्यक्रमका लागि सुझावहरू

- इन्टरनेटबाट पाइने ज्ञान र सूचनाका जानकारीहरूलाई वर्गीकरण गर्नेगरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्नुपर्छ ।
- कम्प्युटर प्रविधि, सूचना प्रविधि र इन्टरनेट जस्ता अति उपयोगी उपकरणहरूको सदुपयोगलाई प्रोत्साहन गर्ने सचेतना शिक्षालाई यससम्बन्धी सिप र प्रविधिको ज्ञानसँगै महत्वका साथ पाठ्यपुस्तकमा समावेश गरिनुपर्छ ।
- पाठ्यक्रम विकासको सिद्धान्तअनुसार इन्टरनेटको प्रयोग, त्यसको सदुपयोग र दुरुपयोगका वारेमा तथ्यपूर्ण जानकारीसहितको सुझाव दिई खासगरी आधारभूत तहमा अनिवार्य विषयहरूमा र माध्यमिक तहमा अनिवार्य तथा इच्छाधीन विषयको रुपमा सूचना र प्रविधिसँग सम्वन्धि विषयहरूको पाठ्क्रम र पाठ्यपुस्तकमा आवश्यक ज्ञान समेट्नु पर्छ ।
- पाठ्यक्रम विकासका लागि सुझाव लिन पाठ्यक्रमविद्, शिक्षक, नागरिक समाज, सूचना प्रविधिविद्, अभिव्यक्ति स्वतन्त्रताका अभियन्ता, उपभोक्ता विद्यार्थी र कम्प्युटरविद्हरूसँगको अन्तरक्रिया गर्नुपर्छ ।
- लोकतन्त्र मजबुत गराउनका लागि अभिव्यक्ति स्वतन्त्रताको जरुरत पर्छ र त्यस्तो स्वतन्त्रताका लागि आवश्यक ज्ञानको जरुरत पर्ने भएकाले इन्टरनेटको सदुपयोगलाई उच्च प्राथमिकता दिने गरी आगामी शैक्षिक उद्देश्य निर्धारण गरिनु पर्छ र त्यसको सुरक्षित व्यवहारिक प्रयोगलाई ध्यान दिनुपर्छ ।

# परिशिष्ट क

## शब्दावली

**Two Step Verification (टू स्टेप भेरिफिकेसन):** इमेल वा सोसल मिडिया खातालाई अनधिकृत पहुँचबाट जोगाउन गरिएको अतिरिक्त सुरक्षा व्यवस्था, जसमा पासवर्डले मात्रै साइन इन नभई मोबाइलमा आउने सन्देश वा मोबाइल एपबाट दिइएको अङ्को प्रयोग गरेर मात्रै साइन इन गर्न सकिन्छ ।

**Blog (ब्लग):** कुनै व्यक्ति वा समूहले चलाएको डायरी जस्तो गरी अनौपचारिक शैलीमा विचार वा सूचना लेख्ने, प्रकाशन, प्रसारण गर्ने वेबसाइट ।

**Browser (ब्राउजर):** इन्टरनेटमा भएका वेबसाइटहरू र सुविधाहरूमा पहुँच बनाउन दिने कम्प्युटर सफ्टवेयर वा एप्सह? । उदाहरणहरू फायरफक्स, क्रोम, सफारी, माइक्रोसफ्ट एज र ओपेरा ।

**Child pornography (बाल यौनदुराचार सामग्री):** बालबालिका प्रयोग भएका फोटो वा भिडियो जस्ता अश्लील सामग्रीहरू । यस्ता सामग्रीहरूको उत्पादन, वितरण वा भण्डारण गैरकानुनी हुन्छ ।

**Computer virus (कम्प्युटर भाइरस):** कम्प्युटर कार्यक्रम वा कोड जसले आफुलाई पुनः उत्पादन गर्दै सम्पर्कमा आउने अन्य उपकरणमा सर्न सक्छ र कम्प्युटरमा रहेका अन्य दस्तावेज, सूचना, तथ्याङ्क र कार्यक्रमलाई नष्ट गर्न वा कम्प्युटरले गर्ने कार्यलाई असर गर्न सक्छ ।

**Cryptocurrency (क्रिप्टोकरेन्सी):** भौतिक स्वरुप नभएको डिजिटल पैसा जुनमा सुरक्षाका लागि क्रिप्टोग्राफी अर्थात गोप्य कोड प्रयोग गरिएको हुन्छ । उदाहरणका लागि बिटक्वाइन ।

**Cyber security (साइबर सुरक्षा):** कम्प्युटर वा मोबाइल वा उन्य उपकरण, सञ्जाल र तिनमा भएका सूचना र सामग्रीलाई अनधिकृत पहुँच वा हानि नोक्सानीबाट बचाउन गरिने अभ्यासहरू ।

**Cyber stalking (साइबर स्टकिङ):** इन्टरनेट प्रयोग गरेर कुनै व्यक्ति वा समूहलाई उत्पीडित गर्ने कार्य जसमा निगरानी राख्ने, आरोप लगाउने, धम्की दिने, परिचय चोर्ने, यौन दुर्व्यवहार गर्ने र उत्पीडन दिने उद्देश्यले व्यक्तिका बारेमा सूचना सङ्कलन गर्ने आदि कार्यहरू पर्दछन् ।

**Data diddling (तथ्याङ्क बिगार्ने):** कम्प्युटरमा हाल्नु अगाडि वा हालिसकेपछि अथवा तथ्याङ्क प्रशोधन गर्नु अगाडि तथ्याङकलाई परिवर्तन गर्ने अनधिकृत कार्य ।

**Denial of service (सेवाको इन्कारी):** सर्भर विरुद्धको आक्रमण हो, जसमा सर्भरले सम्बोधन गर्न नसक्ने गरी ज्यादै ठुलो संख्यामा सेवाको अनुरोध पठाइन्छ र वेबसाइट वा सेवालाई चल्नै नसक्ने बनाइन्छ ।

**Digital Detox (डिजिटल डिटक्स):** इन्टरनेटको ज्यादा प्रयोग वा कुलतले ल्याउने प्रभावहरू जस्तै तनाव र एकाँकीपनबाट बचेर सामाजिक जीवनलाई पुनर्जीवन दिनका लागि कुनै निश्चित समयका लागि इन्टरनेट र विद्युतीय उपकरणबाट टाढा बस्ने अभ्यास ।

**Digital Divide (डिजिटल डिभाइड):** इन्टरनेटसम्म पहुँच हुने र नहुने व्यक्ति वा समुदायकावीच प्रविधिको प्रयोग र पहुँचस सूचनासम्मको पहुँच र त्यो पहुँचले ल्याउने सशक्तीकरणको कारण हुने सामजिक वर्गीकरण र असमानता ।

**Digital Inclusion (डिजिटल समावेशिता):** फरक लिङ्ग, उमेर, सामाजिक पृष्ठभूमि, आर्थिक अवस्था, समुदाय, भौगोलिक अवस्थिति र शारीरिक अवस्था भएका सबै व्यक्तिलाई सूचना तथा सञ्चार प्रविधिसम्म पहुँच बढाउने र यसको प्रयोग गरेर यसको सामाजिक, आर्थिक र अन्य सबैखाले फाइदाहरू लिनसक्ने गरी गरिने सशक्तीकरण ।

**Digital piracy (डिजिटल चोरी):** कम्प्युटर सफ्टवेयर, गेम वा कोडस चलचित्र वा म्युजिक भिडियोस सङ्गीत वा पुस्तक आदिको प्रतिलिपिअधिकार भएको व्यक्ति वा संस्था बाहेकको अन्यले उत्पादन तथा विक्री वा वितरण डिजिटल पाइरेसी हो । अनधिकृतरुपमा चोरी गरिएका त्यस्ता सामग्रीहरू डाउनलोड गरेर आफ्नो उपकरणमा राख्नु वा उपभोग गर्नु पनि अपराध हो ।

**Domain name (डोमेन नाम):** इन्टरनेटमा भएका सामग्री वा सुविधा प्रयोग गर्नका लागि प्रयोगकर्ताको लागि सम्झन सजिलो वेबसाइटको नाम जसको अन्त्यमा डटकम वा डटओआरजी जस्ता शब्द जोडिएका हुन्छन् ।

**Doxxing (डक्सिङ):** कुनै व्यक्ति वा संस्थाका बारेमा इन्टरनेटका विभिन्न स्थानमा उपलब्ध सूचनाहरू संकलन गरी एकै स्थानमा राखेर सार्वजनिक गर्ने कार्य ।

**Email (इमेल)**: कम्प्युटर सञ्जाल प्रयोग गरी एक वा बढी व्यक्तिसँग आदानप्रदान गरिने चिठ्ठीपत्र ।

**Hacking (अनधिकृत पहुँच):** कुनै कम्प्युटर वा कम्प्युटर प्रणालीमा वा त्यसमा रहेका कार्यक्रम, सूचना वा तथ्याङ्कमा उक्त कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिको अनुमति वा अख्तियारी नलिईकन पहुँच प्राप्त गर्ने वा नियन्त्रण स्थापित गर्ने काम वा प्रयास ।

**Identity theft (परिचय चोरी):** अर्को व्यक्तिको व्यक्तिगत पहिचान खुल्ने नाम वा नागरिकता वा पासपोर्ट नम्बर वा जन्ममिति वा पासवर्ड वा चालक अनुमती नम्बर वा तस्बिर जस्ता सूचना वा जानकारी प्राप्त गरी उक्त सूचना र जानकारीको आधारमा उक्त व्यक्तिजस्तो बनेर विभिन्न लाभ लिने वा अन्य क्रियाकलापमा संलग्नता ।

**Internet (इन्टरनेट):** कम्प्युटर र विद्युतीय उपकरणवीचको सञ्चार सञ्जाल जसमा विश्वका करौडौं कम्प्युटर र विद्युतीय उपकरणको लाखौ सानादेखि ठूला, निजीदेखि सार्वजनिक वा सरकारी, व्यापारिकदेखि शैक्षिक कम्प्युटर सञ्जालहरू ताररहित वा तारसहितका विभिन्न खाले प्रविधिले एक आपसमा सूचना आदानप्रदान वा सञ्चार गर्न सक्ने गरी जोडिएका हुन्छन् ।

**IP Address (आइपी एड्रेस):** इन्टरनेट सञ्चारमा प्रयोग गर्न कुनै पनि कम्प्युटर वा सर्भर वा वेबसाइट चिन्नका लागि स्थायी वा अस्थायी रुपमा दिइएको अङ्कहरूको विशेष प्रकारको संयोजन ।

**Mobile Wallet (मोबाइल वालेट):** भौतिक स्वरुपको मुद्राको स्थानमा मोबाइलबाटै खर्च गर्न मिल्ने गरी राखिएको पैसा सङ्कलन, आदानप्रदान वा खर्च गर्ने एप । उदाहरणका लागि खल्ती वा इ-सेवा ।

**Name server (नेमसर्भर):** इन्टरनेटका सबै वेबसाइटहरूको डोमेन नाम र आइपी एड्रेस राखिएको डाइरेक्टरी जस्तो इन्टरनेटका कम्प्युटर सर्भरहरू जसले हामीले कुनै पनि डोमेन नाम राखेपछि त्यसको सामग्री कहाँ छ भनेर खोज्छ ।

**Online scam or fraud (अनलाइन जालसाजी वा घोटाला):** इन्टरनेट वा कम्प्युटरको प्रयोग गरी गरिने घोटाला वा जालसाजी । उदाहरणका लागि विभिन्न अफ्रिकी मुलुकहरूबाट पैसा स्थानान्तरण गर्नु परेकोले सहयोग गरौं भन्दै आउने इमेल वा सोसल मिडियाहरूबाट वा वेबसाइट मार्फत जालसाजी सूचनाहरू प्रवाह गरेर गरिने ठगीहरू ।

**Phishing (फिसिङ):** जालसाजी गरी व्यक्तिको गोप्य जानकारी जस्तै पासवर्ड वा बैङ्क कार्ड नम्बर पत्ता लगाउने तरिका ।

**Server (सर्भर):** इन्टरनेट वा कम्प्युटर सञ्जालमा कुनै पनि सेवा वा सामग्रीहरूको केन्द्रीय भण्डारणका रुपमा राखिएको कम्प्युटर वा कम्प्युटर कार्यक्रम ।

**Spam (स्पाम):** इमेल वा मेसेन्जरमा धेरै प्रयोगकर्तालाई एकैपटक पठाइएका अनावश्यक सन्देशहरू ।

**Trolling (ट्रोलिङ):** कोही व्यक्ति वा संस्था वा विषयमा निगरानी राखि सोसल मिडिया वा वेबसाइट वा मेसेन्जरमा बारम्बार आक्रामक, अश्लील, अनावश्यक, गालीयुक्त वा घृणायुक्त टिप्पणी गर्ने कार्य ।

**Web 2.0 (वेब २.०):** दोस्रो पुस्ताको इन्टरनेट सामग्रीको नाम, जसमा पहिलो पुस्ता जस्तो सञ्चार एकातर्फी मात्र नभई प्रयोगकर्ताहरूले अन्तर्क्रियामार्फत दोहोरो सञ्चार गर्न सक्छन् ।

# परिशिष्ट ख

## इन्टरनेट सम्बन्धी महत्वपूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय दस्तावेज

इन्टरनेट र यसका आयाम अध्ययन गर्न महत्वपूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धि, अनुबन्ध, घोषणापत्र, कानुन, नीति र निर्देशनहरू तल उल्लेख छन्:

**अन्तर्राष्ट्रिय**

१. मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights)
२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights)
३. साइबर अपराध सम्बन्धी महासन्धि (Convention on Cybercrime)

**राष्ट्रिय**

१. नेपालको संविधान २०७२
२. विद्युतीय कारोबार ऐन २०६३
३. मुलुकी ऐन अपराध संहिता २०७५
४. मुलुकी ऐन देवानी संहिता २०७५
५. गाली र बेइज्जती ऐन २०१६
६. सूचना तथा सञ्चार प्रविधि नीति २०७२
७. ब्रोडब्याान्ड नीति २०७१
८. अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३

# परिशिष्ट ग

## डिजिटल सुरक्षा उपाय र सामग्रीहरू

### क. निशुल्क एन्टीभाइरसहरू

i. www.avast.com
ii. www.avira.com
iii. www.bitdefender.com
iv. www.avg.com
v. antivirus.comodo.com

### ख. टु-स्टेप भेरिफिकेसन

i. **जीमेल**

१. https://myaccount=google=com/signinoptions/two-step-verification/enroll-welcome मा जाने

२. Get Started थिच्ने र आफ्नो जीमेलको पासवर्ड हाल्ने

३. Turn On थिच्ने

४. आफ्नो फोन नं हाल्ने र त्यसमा SMS बाट प्राप्त कोड हाल्ने

ii. **फेसबुक**

१. फेसबुकमा साइन इन गर्ने

२. स्क्रिनको माथि दायातिर रहेको down arrow थिच्ने र Setting छान्ने

३. बायाँतर्फ Security मा थिच्ने

४. Security setting आए पछि Login Approvals मा थिच्ने र टिक लाउने

५. आफ्नो फोन नं हाल्ने र त्यसमा SMS बाट प्राप्त कोड हाल्ने

### ग. सुरक्षित सोसल मिडिया

- फेसबुक: https://www=facebook=com/safety
- ट्विटर: https://help=twitter=com/

### घ. मोबाइल फोन सुरक्षा

i. एन्ड्रोइड (Android) फोनका सुरक्षासम्बन्धी सेटिङहरू

१. सिम लक अन: Setting (> Personal (> Security -> Set up SIM card Lock

२. स्क्रिन लक अन: Setting -> Personal -> Security -> Screen Lock

३. फोन इन्क्रिप्सन अन: Settings -> Personal -> Security -> Encryption

४. स्थान स्थिति Wireless र GPS location अफ गर्न: Settings (> Personal (> Location

ii. www=malwarebytes.com/mobile (एण्ड्रोएड फोनका लागि मालवेयर र भाइरसबाट सुरक्षाका लागि नि:शुल्क एप)

### ङ. गोप्यता र सुरक्षाका लागि

i. Google को सट्टा www.duckduckgo.com

ii. Firefox वा Chrome को सट्टा Tor Browser

iii. मेसेन्जरको सट्टा WhatsApp वा Signal वा Jitsi

iv. धेरै पासवर्ड सुरक्षित रुपले राख्न KeePass वा Lastpass

# परिशिष्ट घ

## डिजिटल डिटक्स (नमूना तालिका)

**अभ्यासका नियमहरू**

- फोनबाट सोसल मिडियाका सबै एपहरू मेट्नुहोस् । सोसल मिडिया ल्यापटप वा कम्प्युटरमा मात्रै चलाउनुहोस् ।
- फोनमा आगमन कल र एसएमएस बाहेकका अरु सबै नोटिफिकेसन अफ गर्नुहोस् ।
- साथीहरूसँग गफ गर्दा, खाना/खाजा खाँदा/सामाजिक भेटघाटमा फोन हातमा नलिनुस् खल्तीमै राख्नुस् ।
- शौचालयमा जाँदा फोन लिएर नजानुहोस् ।

| दिन | इन्टरनेट अभ्यास | सामाजिक अभ्यास | इन्टरनेट सुरक्षा अभ्यास |
|---|---|---|---|
| **आइतबार** | राती फोन शयनकक्षमा नराखी अन्य कोठामा राख्नुहोस् । | छोराछोरीको विद्यालयमा गएर शिक्षकसँग उनीहरूको प्रगतिका विषयमा कुरा गर्नुहोस् । | गुगल र डकडकगोमा आफ्नो नाम सर्च गर्नुहोस् र के के देखिन्छ विचार गर्नुहोस् । ब्राउजरको इतिहास मेट्नुहोस । |
| **सोमबार** | घरमा हुँदा फोनलाई आफूसँग नराखी बैठक कोठामा राख्नुहोस् र फोन प्रयोग आवश्यक हुँदा त्यहींबाट गर्नुहोस् । | साथीहरूसँग वा आफन्तहरूसँग भेटघाट गर्नुहोस् । | इमेल र सोसल मिडियाका सबै पासवर्डहरू परिवर्तन गर्नुहोस् । |
| **मंगलबार** | घरमा सोसल मिडिया प्रयोग नगर्नुहोस् । | घरमा सबैजना सँगै बसेर टिभी वा सिनेमा हेर्नुहोस् । | क्रोमलाई इनकग्निटो र फ्रायर फक्सलाई इनभिजिवल मोडमा मात्रै चलाउनुहोस् । गुगलको सट्टा डकडकगो चलाउनुहोस् । |
| **बुधबार** | घरमा इन्टरनेटको प्रयोग नगर्नुहोस् । यसका लागि घर को इन्टरनेट राउटर अफ गर्न सकिन्छ । | घर नजिकैको चोक या पार्क जानुहोस् र बाटोमा भेटिएका चिनजानका मानिसहरूसँग केही क्षण कुरा गर्नुहोस् । | मोबाइल फोनको सेक्युरिटी र प्राइभेसी सेटिङहरूमाथि पुनर्विचार गर्नुहोस् ।<br>Signal मेसेञ्जर प्रयोग गर्नुहोस् । |
| **बिहिबार** | फोनलाई घरमा बिर्सिएर काममा जानुहोस् । | कार्यालयका साथीहरूसँग कुर ाकानी गर्नुहोस् । | फेसबुकको सेक्युरिटी र प्राइभेसी सेटिङहरूमाथि पुनर्विचार गर्नुहोस् । |
| **शुक्रबार** | फोनलाई एयरप्लेन मोडमा र ाख्नुहोस् र आफूलाई आवश्यक पर्दा मात्रै त्यो अफ गरेर चलाउनुहोस् । | परिवारसँग रातीको खाना खान बाहिर जानुहोस् वा सबैजना सँगै मिलेर भान्छामा मिठो खानेकुराहरू पकाउनुहोस् । | myactivity.google.com मा जानुहोस् अनि त्यहाँ भएका आफ्नो गुगल प्रयोगको इतिहासहरू हेर्नुहोस् । गुगल इतिहास मेट्नुहोस् । |
| **शनिबार** | शुक्रबार राती १० बजेदेखि शनिबार रातीसम्म फोनलाई अफ गर्नुहोस् । | परिवारसँग दिनभरको पिकनिक वा पार्क भ्रमण गर्नुहोस् । प्रकृतिसँग दिन बिताउनुहोस् । | परिवारसँग इन्टरनेटको प्रयोग, जो खिम र बच्ने उपायका बारेमा छलफल गर्नुहोस् । |

डिजिटल डिटक्स (डिजिटल सुरक्षा) अभ्यासः https://datadetox.myshadow.org/detox

# परिशिष्ट ङ

# स्रोत सामग्रीहरूका वेबसाइटहरू

इन्टरनेट सुरक्षा, यसका जोखिमहरू, बच्ने उपायहरू र अभिभावक शिक्षकका लागि जानकारीहरू भएका स्रोत सामग्री भएका वेबसाइटहरू यसप्रकार छन्:

**इन्टरनेट सुरक्षा**

क. http://www.connectsafely.org/

ख. https://staysafeonline.org/

ग. http://www.childnet.com/

घ. www.microsoft.com/en-us/digital-skills/online-safety-resources

ङ. https://securityinabox.org

च. https://securityplanner.org/

**अभिभावक र शिक्षकका लागि स्रोत सामग्रीहरू**

क. आइप्यारेन्ट (iParent), अष्ट्रेलिया, www.esafety.gov.au/education(resources/iparent

ख. बेटर इन्टरनेट फर किड्स, युरोप: www.betterinternetforkids.eu

ग. फेमिली अनलाइन सेफ्टी इन्स्टिट्युट, बेलायत: www.fosi.org

घ. नेट स्मार्ट, अमेरिका: www.netsmartz.org

ङ. इन्टरनेट म्याटर्स, बेलायत: www.internetmatters.org

च. युके सेफर इन्टरनेट सेन्टर, बेलायत: www.saferinternet.org.uk

**विद्यालय वा तालिम र पाठ्यक्रमका लागि स्रोत सामग्रीहरू**

क. योङ एण्ड इसेफ, अष्ट्रेलिया:
https://www.esafety.gov.au/education(resources/classroom-resources

ख. विद्यार्थीहरूको सोसल मिडियाको उचित प्रयोगका बारेमा शिक्षकलाई जानकारी:
www.icanhelpdeletenegativity.org

ग. बी इन्टरनेट अवेसम (गुगल): https://beinternetawesome.withgoogle.com/resources

घ. डिस्कभरी एडुकेसन, अमेरिका: www.discoveryeducation.com/DigitalSafety/

ङ. लेभल अप (डिजिटल सुरक्षासम्बन्धी तालिम सामग्रीहरू): www.level-up.cc

# परिशिष्ट च

# इन्टरनेट स्वतन्त्रताको घोषणापत्र

हामी एउटा स्वतन्त्र र खुला इन्टरनेटको पक्षमा उभिन्छौं ।
इन्टरनेट नीति निर्माण र तल उल्लेखित पाँच आधारभूत सिद्धान्तहरू स्थापनाको लागि हामी पारदर्शी तथा सहभागितामूलक प्रक्रियालाई समर्थन गर्छौं:

- **अभिव्यक्ति, प्रतिबन्धरहित इन्टरनेट ।**
- **पहुँच:** छिटो गति र कम खर्चिलो सञ्जालहरूमा विश्वव्यापी पहुँच ।
- **खुलापन:** जोडिन, सञ्चारका लागि, लेख्न, पढ्न, हेर्न, बोल्न, सुन्न, सिक्न, सिर्जना गर्न र नविन आविष्कारलाई खुला सञ्जालका रुपमा इन्टरनेट ।
- **सिर्जनशीलता:** पूर्वअनुमतिबिना सिर्जना र नविन आविष्कारका लागि स्वतन्त्रता संरक्षित; नयाँ प्रविधिलाई बन्देजरहित; र प्रयोगकर्ताको प्रयोगका कारण प्रविधि सर्जकलाई सजायरहित इन्टरनेट ।
- **गोपनीयता:** गोपनीयता संरक्षित र आफ्नो सूचना एवं उपकरणको प्रयोगमाथि प्रयोगकर्ताको नियन्त्रण रहने इन्टरनेट ।

(यो घोषणापत्र नेपाली सहित ७० भन्दा बढी भाषामा https://www.internetdeclaration.org/ मा उपलब्ध छ ।)

# सन्दर्भ सामग्रीहरू

यो हाते पुस्तक लेखनका लागि तलका सहित अन्य पुस्तकहरूको सहयोग लिइएको छः


FORUM-ASIA -2012. Internet and Social Media in Asia: Battleground for Freedom of Expression. (यो www.forum-asia.org/<p=14295 मा उपलब्ध छ ।)

Freedom Forum(2016). Freedom of Expression on Internet in Nepal. (यो http://freedomforum org.np/content/<wpdmdl=2130 मा उपलब्ध छ ।)

International Telecommunication Union (2016). Guidelines for Parents, Guardians and Educators on Child Online Protection. (यो https://www.itu.int/pub/S-GEN-COP.EDUC-2016 मा उपलब्ध छ।

Nepal, I. (2017) Exploring the use of the internet among gender equality and sexual rights advocates in Nepal, in EROTICS South Asia exploratory research: Sex, rights and the internet: Association for Progressive Communications. (यो https://www.apc.org/sites/default/files/Erotics_1_FIND.pdf मा उपलब्ध छ ।)

Ofcom (2015). Ofcom Report on Internet safety measures Strategies of parental protection for children online. (यो https://www.ofcom.org.uk/research(and-data/internet-and-on-demand-research/internet-use-and-attitudes/internet-safety मा उपलब्ध छ ।)

Tactical Technology Collective(2015). Security in-a-box: Tools and tactics for your digital security. (यो www.securityinabox.org मा उपलब्ध छ ।)

UK Council for Child Internet Safety -undated). Advice on Child Internet Safety 1.0: Universal Guidelines for Providers. (यो http://dera.ioe=ac=uk/13721/ मा उपलब्ध छ ।)

UNICEF (2017). The State of the WorldÚs Children 2017: Children in a Digital World. (यो https://www.unicef.org/publications/index_101992=html मा उपलब्ध छ ।)

USAA Educational Foundations (2008).Internet Safety for Adults= (यो http://www.cityofws.org/portals/0/pdf/police/Internet%20Safety.pdf मा उपलब्ध छ ।)

World Health Organization (2011). Safety and Security on the Internet: Challenges and Advances in Member States. (यो www.who.int/goe/publications/goe_security_web.pdf मा उपलब्ध छ ।)

तारानाथ दाहाल र हरिविनोद अधिकारी (२०१८). कम्प्युटर र इन्टरनेटको सुरक्षित प्रयोग सम्बन्धमा रहेका विद्यालय पाठ्यक्रम र पाठ्यपुस्तकहरूको समीक्षा. फ्रिडम फोरम नेपाल ।

UNESCO को इन्टरनेट फ्रिडम सिरिजका पुस्तकहरू जुन https://en.unesco.org/unesco-series-on-internet-freedom मा उपलब्ध छन् ।

## थप सामग्रीहरू

- आजको समयमा एउटा परिवार भनेको आमाबाबु छोराछोरी र इन्टरनेट हो । **(भूजिका लाजोभिक, टर्कीका उपप्रधानमन्त्री)**
- सन् २०२० सम्ममा १२,००,००,००,००० (बाह्र अर्ब) उपकरणहरू इन्टरनेटमा जोडिनेछन् । **(सिस्को)**
- सन् २०१७ मा ३ अर्ब ८० करोड इन्टरनेट प्रयोगकर्ता थिए भने सन् २०२२ सम्ममा यो बढेर ६ अर्ब अर्थात त्यो समयको विश्व जनसंख्याको ७५ प्रतिशत पुग्ने अनुमान छ । (वी आर सोसल)
- सन् २०१६ मा पठाइएका प्रत्येक १३१ मध्ये १ इमेल दुर्भावनापूर्ण (malicious) थिए । **(साइम्यान्टेक)**
- राज्यको साइबर सुरक्षासम्बन्धी जनचेतना फैलाउने विषयमा प्रतिबद्धताको मूल्याङ्कन गर्ने विश्व साइबर सुरक्षा सूची २०१७ मा दक्षिण एसियाली मुलुकहरूको स्थानः २३ भारत, ५३ बंगलादेश, ६६ पाकिस्तान, ७१ श्रीलंका, ९३ नेपाल, १०० अफगानिस्तान, १०९ भुटान, १५४ माल्दिभ्स **(अन्तर्राष्ट्रिय दूरसंचार सङ्गठन)**
- साइबर सुरक्षाका लागि विश्वभर गरिएको खर्च २०१५ मा ७५ अर्ब अमेरिकी डलर र २०१७ मा ८६ अर्ब थियो भने २०१८ मा १ खर्बभन्दा बढी पुग्ने अनुमान छ । **(फायरआइ)**
- सन् २०१३ यता इन्टरनेटमा प्रति सेकेण्ड ५८ वटा गोप्य राखिनुपर्ने सामग्री चोरी हुन्छ । **(साइबइन्ट)**
- पछिल्लो समय नेपालका बैंङ्क तथा वित्तीय संस्थामा पनि साइबर हमला बढिरहेको छ । बैंङ्क तथा वित्तीय क्षेत्र आधुनिक बन्दै जाँदा जति त्यसले सहजता ल्याएको छ, त्यति नै जोखिम र चुनौती पनि बढाएको छ । सिस्टम ह्याक, एटिएम जालसाजी, मोबाइल तथा इन्टरनेटबाट पैसा स्थानान्तरण तथा चोरीलगायत थुप्रै साइबर हमला भइरहेको छ । **(राजनराज पन्त, साइबर सुरक्षाविज्ञ)**
- सन् २०१६ मा प्रत्येक दिन ६ लाख फेसबुक अकाउन्ट ह्याक् भएको थियो । **(फेसबुक)**
- नेपालमा ८५ लाखभन्दा बढी फेसबुक प्रयोगकर्ता छन् जसमध्ये ११ प्रतिशत १७ वर्षभन्दा मुनिका र २६ प्रतिशत १३ देखि १९ वर्ष उमेर समूहमा छन् । **(फेसबुक)**
- सन् २००९ मै नेपालका ७५ प्रतिशत स्कुले विद्यार्थीले इन्टरनेटमा अश्लील सामग्री देखेकोस ३६ प्रतिशतले खोजेर अश्लील सामग्री हेरेकोस ६८ प्रतिशतले उत्पीडन भोगेको र ११ प्रतिशतले नचिनेको मान्छेसँग इन्टरनेटमा यौनका बारेमा गफ गरेको बताएका थिए । **(सिविन)**
- स्मार्टफोनका कारण 'बेडरुम संस्कृति' बढ्दै छ जहाँ धेरै बालबालिकाको इन्टरनेट प्रयोग व्यक्तिगत, गोप्य र कम निगरानीपूर्ण हुदैछ । **(युनिसेफ)**
- इन्टरनेटमा सबैभन्दा बढी अश्लील सामग्री हेर्ने समूह १२ देखि १७ वर्षका पुरुषहरू हुन । **(युएन वुमन)**
- अनलाइन अपराधहरू जस्तै केही कुरा सेयर गर्नु, कुनै सुरक्षा नभएको वेबसाइट ह्याक गर्नु वा रमाइलोको लागि ह्याक गर्नु जस्ता कुराहरू झट्ट सुन्दा अपराध जस्ता लाग्दैनन् । कौतुहल हुने उमेर भएका बालबालिका तथा वयस्कहरूले कौतुहलकै रूपमा समेत कहिलेकाहीँ यस्ता

किसिमका कसुर गर्दछन्, जसलाई कानुनले अपराध मानेको छ । (**अधिवक्ता प्रविण सुवेदी**)

- साइबर अपराध सम्बन्धी प्रहरीमा उजुरीको संख्या वर्षेनी बढिरहेको छ । आ.व २०७०र७१ मा ९१ वटा सोसल मिडिया सम्बन्धीमा उजुरी परेकोको सो संख्या २०७१र७२ मा २२१, २०७२र७३ मा ८६७ र २०७३र७४ मा १,१९७ भएकोमा २०७४ असारपछि पुससम्ममा एक हजार नाघिसकेको छ । (**नेपाल प्रहरी**)
- प्रविधिको गलत प्रयोग, सामाजिक सञ्जालमा नचिनेको व्यक्तिलाई साथी बनाउँदा, अनावश्यक फोटो तथा सूचना सन्देश पोस्ट गर्दा, पार्सवर्ड साथीलाई दिँदा, गोप्य तस्बिर, सूचना सामाजिक सञ्जालमा राख्दा र अनावश्यक साइटहरू हेर्दा पछिल्लो समय धेरै बालबालिका बालयौन दुर्व्यवहारमा पर्न थालेका छन् । काठमाडौं उपत्यकाका ४०० जना १० देखि १८ वर्षमुनिका बालबालिकामा गरेको सर्वेक्षणमा ७२ प्रतिशत बालबालिकाले सामाजिक सञ्जाल प्रयोग गर्ने गरेको र त्यसमध्ये दुई तिहाईले तीनदेखि चार घण्टा सामाजिक सञ्जालमा बिताउने गरेको पाइयो । (**भ्वाइस अफ चिल्ड्रेन**)

## इन्टरनेटको खतरा

१. काठमाडौं चावहिलमा नवलपरासीको कावासोती घर भएका २३ वर्षे कृष्ण सुवेदीले २०७३ पुसमा आफ्नै कोठामा फ्यानको सिलिङमा गलबन्दीको पासो लगाएर आत्महत्या गरेका हुन । सुवेदीलाई गुगल ड्राइभको सहारामा नेपालदेखि अमेरिका चलचित्र 'छक्का पन्जा' पठाएर पाइरेसीको आरोप लागेको थियो । पहिलो पटक फिल्म पाइरेसी गरेका सुवेदी सहित चार जनालाई प्रहरीले पक्राउ गरेपछि चलचित्र निर्माण टोलीको आग्रहमा तारेखमा छाडेको थियो ।

२. विट क्वाइनका नामले इन्टरनेट मार्फत पैसाको कारोबार हुने एक प्रकारको साइबर मुद्राको किनबेचमा संलग्न ७ जनालाई प्रहरीको केन्द्रीय अनुसन्धान विभागले २०७३ असोजमा पक्राउ गरेको छ । पक्राउ परेकाहरूलाई राष्ट्र बैंक ऐन अनुसार कारवाही हुने छ जसमा तीन गुणा बिगो वा ३ बर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ । केन्द्रीय बैंकले सूचना मार्फत बिटक्वाइन अवैधानिक भएको सूचना जारी गरेपछि प्रहरीले कारोबारी खोज्न थालेको थियो ।

३. पर्वतमा १९ वर्षीया युवतीले अरुको फोटो राखी नक्कली आइडी बनाएर अश्लील कुरा पोस्ट गरेकोमा जिल्ला प्रहरी कार्यालयले २०७३ वैशाखमा पक्राउ गरेको छ । एक २० वर्षीया युवतीको नाममा उनकै तस्बिर राखेर नक्कली आइडी बनाएर पीडित युवतीको फोटोसँग अरुको फोटो जोडेर फेसबुकमा राख्ने गरेकी थिइन् । पक्राउ परेकी युवतीले एक युवकलाई मन पराइरहेको र ती युवकको पीडित युवतीसँगको सम्बन्ध बिगार्न तथा बदला लिने भावनाले यस्तो गरेको अनुसन्धानमा देखिएको प्रहरीको भनाइ छ ।

४. प्रहरीले २०७३ पुसमा फेसबुकमार्फत सम्पर्क बढाई रु २१ लाख ठगी गर्ने सिन्धुपाल्चोकका एक जनालाई पक्राउ गरेको छ । निज युवकले संखुवासभाकी एक युवतीसँग फेसबुकमार्फत सम्पर्क बढाई बिबाहसमेत गरेको भनी युवतीका नातेदारलाई जागिरमा लगाइदिन्छु भनि रु २१ लाख ठगी गरेका थिए । निजले यसअघि फेसबुकमार्फत साथी बनाई लेबनानमा रहेकी

सिन्धुपाल्चोककी युवतीसँग अमेरिका लैजाने भनी रु नौ लाख र अन्य तीनलाई क्यानाडा लैजाने भनी रु २२ लाख ठगी गरेका थिए ।

५. फेसबुकमा आपत्तिजनक सामग्री पोस्ट गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीको चरित्र हत्या गरेपछि प्रहरीले कपिलवस्तुबाट एक रेडियोका स्टेसन म्यानेजरलाई २०७४ असारमा पक्राउ गऱ्यो भने अन्य ४ विदेशमा रहेका कारण फरारको सूचीमा छन् ।

६. २०७४ कार्तिकमा झापका २० बर्षीया युवती रिचा सेढाइले फेसबुक स्टाटस राख्दै आफ्नै घरको कोठमा सलको पासो लगाएर आत्महत्या गरिन् त्यसको एक हप्ता नबित्दै त्रियुगा नगरपालिका वडा नं.११ निवासी अन्दाजी २१ वर्षीय सुशील कोइराला फेसबुकमै स्टाटस लेखेर आत्महत्या गरे । उनले मध्यराती १ बजेर २० मिनेट जाँदा गलामा पासो लगाई झुण्डिएर आत्महत्या गरेको र प्रायजसो उनको फेसबुकमा पीडादायी र निराशाजनक शब्दले भरिएका साहित्यिक वाक्यहरू लेख्ने गरेका थिए ।

७. ब्लु ह्वेल इन्टरनेटमा खेलिने एउटा खतरनाक आत्मघाती गेम हो । ५० दिनको यो गेम खेल्नेले अन्त्यमा आत्महत्या नै गर्छन् । खेलाडीको सम्पूर्ण विवरण प्रारम्भिक फारममार्फत अनलाइनबाटै संकलन गरेर सुरु हुने गेममा प्रत्येक दिन रातको समयमा उठेर डरलाग्दो फिल्म हेर्ने वा रातको समयमा एक्लै छतको छेउमा गएर उभिनेजस्ता विभिन्न कार्य दिइन्छ । खेलाडीका लागि अन्तिम चुनौती हुन्छ, आत्महत्या । विशेषगरी युवाहरूलाई लक्षित यो खेलबाट रुस, भेनेजुएला, उरुग्वे, अमेरिका, स्पेन, सर्बिया, साउदी अरेबिया, पोर्चुगल, पराग्वे, केन्या, इटाली, भारत, चीन, कोलम्बिया, चिली, अर्जेन्टिना, बुल्गेरिया लगायतका देशमा कैयन किशोर/किशोरीले आत्महत्या गरिसकेका छन् ।

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

**फ्रिडम फोरम**
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स: २४२९२
फोन: ४१०२०३०/४१०२०२२
इमेल: info@freedomforum.org.np
www.freedomforum.org.np